# नौगाड गाउँपालिका

## स्थानीय राजपत्र

खण्डः ४ संख्याः ६२ मितिः २०८२।०३।०६

भाग — १

## आर्थिक वर्ष २०८२।८३ को वार्षिक नीति तथा कार्यक्रम

सभामा पेश मितिः२०८२।०३।०६

सभाबाट पारित मितिः२०८२।०३।०६

प्रमाणिकरण मितिः२०८२।०३।०६

राजपत्रमा प्रकाशित मितिः२०८२।०३।०६

गाउँसभा सदस्यहरू

**"समृद्ध नौगाड, सुखी नौगाडबासी"** भन्ने दीर्घकालीन सोचका साथ नौगाड गाउँपालिकाको गाउँसभाको सत्रौं अधिवेशनमा उपस्थित सबैलाई हार्दिक स्वागत गर्दछु ।

सर्वप्रथम राष्ट्रहित, लोकतन्त्र र समाजको अग्रगामी परिवर्तनका लागि भएका ऐतिहासिक जनआन्दोलन, सशस्त्र संघर्ष (जनयुद्ध) मा गरेको त्याग र बलिदानको गौरवपूर्ण इतिहासलाई स्मरण गर्दै, अधिकार प्राप्तिका लागि भएका विभिन्न आन्दोलन र संघर्षका क्रममा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात शहीदहरू प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । साथै विभिन्न आन्दोलनका क्रममा घाइते तथा बेपत्ता र पीडित नागरिकहरू प्रति उच्च सम्मान प्रकट गर्दै राष्ट्र निर्माणमा योगदान पुऱ्याउने सम्पूर्ण देशभक्त नागरिकहरू प्रति हार्दिक सम्मान व्यक्त गर्न चाहन्छु ।

नेपालको संविधान बमोजिम राज्य पुनः संरचना पश्चात् स्थानीय तहको दोस्रो कार्यकालको पहिलो आर्थिक वर्ष २०७९।८०, दोस्रो आर्थिक वर्ष २०८०।८१ र तेस्रो आर्थिक वर्ष २०८१।८२ मा तय गरिएका नीति तथा कार्यक्रम पर्याप्त स्रोत र साधनको अभावका कारण पूर्णरूपमा कार्यान्वयन गर्न नसकिएको अवस्था रह्यो । सुन्दर, समुन्नत, सभ्य र समृद्ध गाउँपालिका निर्माण गर्ने हाम्रो दृढ संकल्प र गाउँपालिका बासीको समृद्धिको चाहना पूरा गर्ने दिशामा आगामी आर्थिक वर्ष २०८२।८३ को नीति तथा कार्यक्रमलाई मार्ग निर्देशकका रूपमा प्रस्तुत गरिएको छ ।

यसका लागि दिगो विकासको राष्ट्रिय लक्ष्यहरूको स्थानीयकरण गर्दै गुणस्तरीय पूर्वाधार निर्माण सहित स्थानीय स्रोतको पहिचान र परिचालन गरी समावेशी, जलवायु अनुकूलन, दिगो स्थानीय आर्थिक विकास मार्फत समृद्ध गाउँपालिका र सुखी नौगाड बासी जनताको लक्ष्य हासिल गर्न सार्वजनिक, निजीक्षेत्र र समुदायको साझेदारीमा विकासका गतिविधि सञ्चालन गरिनेछ । गाउँपालिकालाई सुशासन, दिगो स्थानीय विकास र सेवा प्रवाहका क्षेत्रमा उत्कृष्ट बनाउन कार्यसम्पादन मूल्याङ्कन, स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन र स्थानीय तह वित्तीय सुशासन जोखिम मूल्याङ्कनमा उत्कृष्टता हासिल गर्दै गाउँपालिकाको बेरूजू र वित्तीय अनियमिततालाई शून्यमा झारी नौगाडबासीलाई आत्मनिर्भर र सम्पन्न बनाउने, सुकुमबासी तथा अव्यवस्थित बसोबासीहरूको व्यवस्थापन मार्फत गाउँपालिकाको पहिचान कायम राख्ने र योजनाबद्ध स्थानीय विकासलाई यस नीति तथा कार्यक्रमले प्रमुख प्राथमिकताको रूपमा लिएको छ।

सेवा प्रवाहमा सुशासन र पारदर्शिता कायम गर्दै समृद्धि हासिल गर्ने लक्ष्य तय गर्दा हामी सामु थुप्रै अवसरका साथै चुनौतीहरू पनि विद्यमान रहेका छन् । विभिन्न चुनौतीका बावजुत नेपालको संविधान, अन्तर्राष्ट्रिय प्रतिबद्धता, दिगो विकास लक्ष्य, नेपाल सरकारको नीति तथा कार्यक्रम, सुदूरपश्चिम प्रदेश सरकारको नीति तथा कार्यक्रम, हाल सम्म प्राप्त उपलब्धि तथा अनुभव, श्रोत साधनको उपलब्धता, नौगाडबासीको माग र आवश्यकतालाई ध्यानमा राखी प्राप्त उपलब्धिहरूलाई संस्थागत गर्दै दिगो स्थानीय विकास र समृद्धिको यात्रा तय गर्ने गरी आर्थिक वर्ष २०८२।८३ को नीति तथा कार्यक्रम तयार पारिएको छ ।

प्रमुख प्रशासकीय अधिकृत

अध्यक्ष
नौगाड गाउँपालिका

यस वार्षिक नीति तथा कार्यक्रम निर्माणमा आफ्नो रचनात्मक सुझाव, सल्लाह दिनुहुने जनप्रतिनिधिहरू, प्रमुख प्रशासकीय अधिकृत, कार्यपालिकाका विषयगत समितिका पदाधिकारीहरू, राजनैतिक दलका प्रतिनिधिहरू, नागरिक समाजका अगुवाहरू, विषयगत शाखा प्रमुखहरू, राष्ट्रसेवक कर्मचारीहरू, शिक्षक, बुद्धिजीवी, संघसंस्थाका प्रतिनिधिहरू, समाज रूपान्तरणमा अहम् भूमिका निर्वाह गर्नुहुने सरोकारवाला र आम नौगाडबासी नागरिकहरूमा हार्दिक आभार प्रकट गर्दछु ।

गाउँसभा सदस्यहरू

**क) हाम्रो सामु विकास तथा समृद्धिको लक्ष्य प्राप्तिका विद्यमान अवसर र चुनौती यस प्रकार रहेका छन्।**

**विद्यमान अवसरहरूः**

१. संविधानतः अधिकार सम्पन्न स्थानीय सरकार स्थापना भै २२ वटा एकल अधिकार सहित विविध साझा अधिकार किटान हुनु ।
२. आफ्ना अधिकार क्षेत्रका विषयमा नीति, कानुन तर्जुमा, योजना तर्जुमाको अभ्यास हुनु ।
३. विकास निर्माणका विविध विषयमा नीति कार्यक्रम तथा बजेट सञ्चालन गर्ने अधिकार प्रष्ट हुनु।
४. गाउँपालिका भित्र भौगोलिक तथा सांस्कृतिक विविधता रहनु ।
५. वडा नं १ बाहेक अन्य सबै वडामा सडक पूर्वाधारको पहुँच हुनु ।
६. सडक निर्माणमा भएको लगानीसँगै गाउँपालिकामा उत्पादित कृषिजन्य उत्पादनलाई बजार सम्मको पहुँच स्थापित हुनु ।
७. प्रदेश सरकारको गौरवको आयोजनाको रूपमा रहेको देथला-धुलिगडा-खार-खलंगा सडकको खार सम्म कालोपत्रे भएको ।
८. सबै वडाहरूमा फाइबर इन्टरनेटको पहुँच हुनु ।
९. नेपाल विद्युत् प्राधिकरणको राष्ट्रिय प्रसारण सेवा उपलब्ध हुनु ।

**ख) विद्यमान चुनौतीहरूः**

१. रोजगारउन्मुख सीपमूलक शिक्षाको विकास गर्नु ।
२. बजारको सूचना कृषकलाई समयमा नै उपलब्ध गराउनु ।
३. गुणस्तरीय बीउ बिजन समयमा नै उपलब्ध गराउनु ।
४. युवा जनशक्तिलाई कृषि व्यवसाय प्रति आकर्षित गर्नु ।
५. व्यावसायिक कृषकको संख्या वृद्धि गर्नु ।
६. वैदेशिक रोजगारीबाट फर्केका सीप युक्त युवाको सीप तथा पुँजीलाई उद्यम विकासमा उपयोग गर्नु।
७. निर्माण भएको पूर्वाधारको मर्मत संभार पद्धतिको विकास गर्नु ।
८. सडक लगायतका पूर्वाधारको उपयोग योजना, डिजाइन तथा ड्रइङ विना गरिने सडक तथा अन्य पूर्वाधारका संरचना निर्माणको कार्यलाई रोक्नु ।

प्रमुख प्रशासकीय अधिकृत

अध्यक्ष
नौगाड गाउँपालिका

९. भिरालो ठाउँ, बाढी पहिरो, चट्याङ जस्ता प्राकृतिक प्रकोपहरूको उच्च जोखिम भएका बस्तीमा भवन निर्माण कार्यलाई रोक्नु।
१०. अव्यवस्थित बस्ती बिस्तारको क्रम रोक्नु तथा व्यवस्थित बस्ती विकास गर्नु।
११. बैज्ञानिक, जलवायु अनुकूल, व्यवहारिक तथा उपयुक्त भू-उपयोग योजना तर्जुमा गरी लागू गर्नु।
१२. सञ्चार सेवा प्रदायक संस्थाहरूबाट प्रभावकारी सेवा प्राप्ति र व्यवस्थित गर्नु ।
१३. प्राकृतिक स्रोत तथा नदी जन्य पदार्थ (ढुंगा ,गिट्टी , बालुवा) को मापदण्ड अवलम्बन नगरी अत्याधिक दोहन रोक्नु ।
१४. विभिन्न कालखण्डमा गाउँपालिकामा निर्माण भएका पूर्वाधारका संरचना (पुँजीगत सम्पत्ति) को लगत तयार गर्नु, मूल्याङ्कन गर्नु तथा सेवा प्रभावमा प्रभावकारी उपयोग सम्बन्धी योजना (Asset Management Plan) तयार गरी कार्यान्वयन गर्नु ।
१५. वर्षेनी वन क्षेत्रमा आगलागीका घटनालाई रोकथाम गर्नु ।
१६. संघीय सरकार र प्रदेश सरकारबाट स्थानीय तहलाई विनियोजन गरेको अनुदान कटौती हुनु र अनुमान गरेअनुसारको आन्तरिक राजस्व सङ्कलन नहुनु ।
१७. आम नागरिकमा सकारात्मक सोचको विकास गर्नु ।

**ग) आर्थिक वर्ष २०८२।८३ को नीति तथा कार्यक्रम तयार पार्दा लिइएका मुख्य आधारहरू:**

१. नेपालको संविधान २०७२ को प्रस्तावना, मौलिक हक तथा अनुसूची ८ र ९ मा उल्लेखित स्थानीय तहको एकल तथा साझा अधिकारको सूची,
२. नेपालको संविधान २०७२ भाग ४ अन्तर्गत राज्यका आर्थिक, सामाजिक विकास, प्राकृतिक स्रोतको उपयोग, वातावरण संरक्षण सम्बन्धी नीतिहरू, धारा ५९ को आर्थिक अधिकार, भाग १९ को आर्थिक कार्यप्रणाली,
३. नेपाल सरकारबाट स्वीकृत संघ, प्रदेश र स्थानीय तहको कार्य विस्तृतीकरणको प्रतिवेदन,
४. संघीय सरकारको १६ औं आवधिक योजनाले अंगीकार गरेका नीति तथा प्राथमिकताहरू,
५. सुदूरपश्चिम प्रदेश सरकारको आवधिक योजनाले अंगीकार गरेका नीति तथा प्राथमिकताहरू,
६. प्रदेश सरकारले अवलम्बन गरेका आर्थिक तथा वित्तीय नीतिहरू,
७. नेपालले अन्तर्राष्ट्रिय जगतमा जनाएका प्रतिबद्धताहरू,
८. स्थानीय सरकार सञ्चालन ऐन २०७४ तथा विभिन्न नियमावलीका प्रावधानहरू,
९. स्थानीय तह क्षेत्रगत नीति, रणनीतिहरू, योजना तथा अध्ययन प्रतिवेदनहरू,
१०. समसामयिक मुद्दाहरू (जस्तै: सामाजिक संरक्षण, दिगो विकास, जलवायु परिवर्तन र विपद् व्यवस्थापन, खाद्य तथा पोषण सुरक्षा, लैङ्गिक सशक्तिकरण तथा समावेशीकरण, बालमैत्री स्थानीय शासन, वातावरण मैत्री क्रियाकलाप, पूर्ण सरसफाइ, ऊर्जा संकट लगायतका अन्तर सम्बन्धित विषयहरू)

प्रमुख प्रशासकीय अधिकृत

अध्यक्ष
नौगाड गाउँपालिका

११. नौगाड गाउँपालिकाको आर्थिक वर्ष २०८१।८२ को नीति तथा कार्यक्रम,

१२. संघीय र प्रदेश सरकारबाट प्राप्त शसर्त कार्यक्रमहरू,

१३. नौगाड गाउँपालिकामा आवश्यक देखिएका अन्य विषयहरू.

१४. स्वदेशी तथा विदेशी, सरकारी तथा गैरसरकारी दातृ निकायबाट प्राप्त हुने कार्यक्रमहरू,

१५. सरोकारवालाहरूले दिएका महत्त्वपूर्ण सुझावहरू,

१६. गाउँपालिकाको प्रथम एकीकृत आवधिक विकास योजनाले अङ्गिकार गरेका नीति रणनीति र कार्यक्रमहरू,

१७. गाउँपालिकाको मध्यमकालीन खर्च संरचनाले लिएका त्रिवर्षीय विषयगत क्षेत्रका प्राथमिकताहरू,

१८. गाउँपालिका राष्ट्रिय महासंघले दिएका सुझावहरू

घ) **नीति तथा कार्यक्रमका प्राथमिकताका क्षेत्रहरू;**

१. सामाजिक विकास क्षेत्र,

२. आर्थिक विकास क्षेत्र,

३. भौतिक पूर्वाधार विकास क्षेत्र,

४. वन, वातावरण संरक्षण तथा विपद् व्यवस्थापन क्षेत्र,

५. संस्थागत विकास, वित्तीय व्यवस्था र सुशासन क्षेत्र,

**ङ) नीति तथा कार्यक्रमका प्राथमिकताहरूः**

१. शैक्षिक गुणस्तरमा सुधार हुने,

२. नागरिकहरूको आधारभूत स्वास्थ्य सेवामा पहुँच वृद्धि हुने,

३. जनताको जीवनस्तर उकास्ने, स्थानीय क्षेत्रमा रोजगारी हुने र आम्दानी वृद्धि हुने,

४. स्थानीय आर्थिक विकासमा टेवा पुग्ने,

५. उत्पादनमूलक तथा शीघ्र प्रतिफल दिने,

६. स्वच्छ खानेपानी र सरसफाइको सुविधामा पहुँच पुऱ्याउने,

७. गाउँपालिकाबासीलाई दिगो तथा भरपर्दो ऊर्जा तथा विद्युत् सेवामा पहुँच पुऱ्याउने,

८. जन जीविका र विकासका लागि अत्यावश्यक रहेका भौतिक पूर्वाधार,

९. स्थानीय स्रोत साधनलाई प्राथमिकता दिने र जनसहभागिता वृद्धि हुने,

१०. परम्परागत धर्म, संस्कृति, चाडपर्व, मेला आदिको माध्यमबाट पर्यटन प्रवर्द्धन हुने,

११. वन तथा वातावरण संरक्षण, विपद् व्यवस्थापन र दिगो विकासमा टेवा पुऱ्याउने,

१२. गाउँपालिकाको राजस्व सङ्कलनमा वृद्धि हुने,

१३. स्थानीय सहभागिता जुट्ने, स्वयम् सेवा परिचालन गर्न सकिने तथा लागत कम लाग्ने,

१४. महिला बालबालिका तथा पिछडिएका क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने,

१५. लैङ्गिक समानता र सामाजिक समावेशीकरण अभिवृद्धि गर्ने,

प्रमुख प्रशासकीय अधिकृत

अध्यक्ष
नौगाड गाउँपालिका

१६. भाषिक तथा सांस्कृतिक पक्षको जगेर्ना र सामाजिक सद्भाव तथा एकता कायम राख्न सघाउ पुऱ्याउने।

१७. छिटो छरितो र प्रभावकारी रूपमा सेवा प्रवाह हुने,

१८. सेवा प्रवाह, संस्थागत क्षमता विकास, पारदर्शिता र सुशासन अभिवृद्धि हुने,

१९. परम्परागत स्थानीय पेशा र व्यवसायको प्रवर्द्धन हुने

गाउँसभा सदस्यहरू

अब म आ.व. २०८२/८३ को गाउँपालिकाका समष्टिगत नीतिहरू प्रस्तुत गर्दछु ।

**अ. गाउँपालिकाका समष्टिगत नीति तथा कार्यक्रमहरू;**

१. शिक्षा र स्वास्थ्यका क्षेत्रमा गुणात्मक सुधार गर्ने गरी नवप्रवर्द्धनात्मक कार्यक्रमहरू सञ्चालन गरिनेछ।

२. स्वास्थ्य क्षेत्रको व्यवस्थापनमा सुधार गरी महामारीजन्य रोगहरूको नियन्त्रण तथा आधारभूत स्वास्थ्य सेवालाई पहुँच युक्त, सर्व सुलभ र प्रभावकारी बनाइनेछ । साथै गाउँपालिकाको १० शैय्याको आधारभूल अस्पताललाई आगामी आर्थिक वर्ष बाट थप उपकरण र प्रविधि जडान गरी व्यवस्थित बनाइनेछ ।

३. भौगोलिक विकटता र परनिर्भरतामूखी बजार हाम्रो गाउँपालिकाको चुनौती हो । यसलाई मध्यनजर गर्दै कृषि तथा पशुजन्य उत्पादन वृद्धि गरी बजारीकरणका लागि समन्वय र सहकार्यको माध्यमबाट संस्थागत संरचना निर्माणमा जोड दिइनेछ र विशेष पकेट क्षेत्र घोषणा मार्फत कृषि र पशुपालनमा आत्मनिर्भर बनाउने नीति अवलम्बन गरिनेछ ।

४. बजेट विनियोजन गर्दा प्राथमिकतामा राखिएका, भुक्तानी बाँकी रहेका र क्रमागत आयोजनाहरूलाई प्राथमिकतामा राखि बजेट विनियोजन गर्ने नीति अवलम्बन गरिनेछ ।

५. हरेक गरिब तथा विपन्न किसानको घरमा उद्यमशीलता विकास गर्ने कार्यक्रमलाई थप प्रभावकारी बनाउँदै **"एक घर, एक रोजगार"** को नीति लिइनेछ ।

६. गाउँपालिकालाई नमुना गाउँपालिकाको रूपमा स्थापित गर्नका लागि गाउँपालिका भित्रका वस्तिहरूमा विभिन्न साझेदारहरूको सहकार्यमा आवश्यक पूर्वाधार, खानेपानी, घोरेटो बाटो, वृक्षारोपण, जीविकोपार्जन, पूर्ण सरसफाइका क्रियाकलापहरू सञ्चालनमा ल्याइनेछन् ।

७. गाउँपालिका भित्र रहेका विद्यमान रूढिवादी परम्परा, महिनावारी स्वच्छता व्यवस्थापन सम्बन्धी व्यवहार, बाल-विवाह, बहुविवाह, महिला हिंसा, किशोरीहरूमा आउने उमेरगत समस्या, किशोरी तथा महिलाहरूमा देखिने समस्याहरूको समाधान गर्न तथा विद्यमान राष्ट्रिय तथा अन्तरराष्ट्रिय नियम कानुन सम्बन्धी जानकारी गराउन नागरिक सचेतना कार्यक्रम सञ्चालन गरिनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

अध्यक्ष
नौगाड गाउँपालिका

८. गाउँपालिका भित्र रहेका विद्यमान बेरोजगारी समस्यालाई मध्यनजर गर्दै बेरोजगार युवाहरूका लागि सीप मूलक तालिम मार्फत वैदेशिक रोजगारीलाई निरूत्साहित हुने किसिमका कार्यक्रम ल्याई रोजगारी सिर्जना गरिनेछ र श्रम सहकारी मार्फत विकास निर्माण कार्य सञ्चालन गरिनेछ ।

९. खोलामा जलविद्युत् र डाँडापाखामा वनजंगल र जडीबुटी उत्पादनको नीति अवलम्बन गरिनेछ । साथै खेती योग्य जमिनमा सिँचाइ सुविधा विस्तारका साथै वन संरक्षण तथा वन क्षेत्र विस्तारका लागि हरेक वर्ष असार महिनामा वृक्षारोपण सप्ताह कार्यक्रम सञ्चालन गरिनेछ ।

१०. सबै प्रकारका भ्रष्टाचारमा शून्य सहनशीलता अपनाइने छ । हरेक गतिविधि तथा क्रियाकलापमा **'फर्केर हेर'** को नीति अवलम्बन गर्दै हरेक कार्यालयमा गुनासो सुनुवाइ तथा व्यवस्थापन कार्यविधिलाई प्रभावकारी रूपमा लागू गरिनेछ ।

११. सार्वजनिक निर्माण कार्यमा स्थानीय प्रविधि, जनशक्ति तथा श्रोत साधनको प्रयोगमा उच्च प्राथमिकता दिइनेछ ।

१२. गाउँपालिका भित्र निर्मित भौतिक संरचनाको उचित प्रयोग, संरक्षण र सम्वर्द्धनमा सम्बन्धित निकायलाई जिम्मेवार बनाइनेछ ।

१३. विभिन्न किसिमका सामाजिक विकृति विसङ्गति तथा अपराधिक गतिविधिहरूलाई न्यूनीकरण गरी शून्यमा झार्न समाजमा प्रत्यक्ष रूपमा देखिने मद्यपान, धूम्रपान र जुँवातास जस्ता क्रियाकलापहरूलाई नियन्त्रण गर्न कार्यविधि बनाई लागू गरिनेछ ।साथै दुर्व्यसन तथा कुलतबाट छुटाउन र सकारात्मक सोचको विकास गर्न जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।

१४. सबै तहका कर्मचारीहरू, शिक्षकहरू, जिम्मेवारीमा रहेका व्यक्तिहरूलाई अझ बढी जिम्मेवार र जलस्रोत, वन सम्पदा, खनिज पदार्थ लगायत प्राकृतिक स्रोतहरूको उपयोग गर्दा वातावरणीय प्रतिकूलता नहुने गरी गरिनेछ । जबाफदेही बनाइनेछ । साथै प्रत्यक्ष रूपमा जनताको गुनासो सुन्न सञ्चालन गरिएको **"अध्यक्ष सँग जनता सञ्चार कार्यक्रम"** लाई निरन्तरता दिइनेछ ।

१५. बहुक्षेत्रीय पोषण कार्यक्रम अन्तर्गत पोषणमैत्री स्थानीय शासन प्रवर्द्धन र सुनौला हजार दिनका विपन्न महिलाहरूको आय आर्जन कार्यक्रम सञ्चालन गरिनेछ ।

१६. गाउँपालिकाको वडा नं. १ नागुमा स्थापित खाद्य डिपोलाई व्यवस्थित गरी नेपाल खाद्य तथा व्यापार कम्पनी लिमिटेडको शाखा कार्यालय स्थापना गरिनेछ ।

१७. राजनीतिक आस्थाको आधारमा कुनै पनि नागरिकलाई विभेद नगरी स्थानीय सरकार हरेक जनताको अभिभावकको रूपमा रही काम गर्ने पद्धतिको विकास गरिनेछ ।

१८. ढुङ्गा, गिट्टी र बालुवा उत्खननलाई व्यवस्थित गरी करको दायरा भित्र ल्याइनेछ ।

१९. गाउँपालिका भित्र रहेका श्रमिकहरूको वर्गीकरण गरी पालिकामा श्रम बैंकको स्थापना गरिनेछ।

२०. विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना निर्माण गरी कार्यान्वयन गरिनेछ र विपद्मा परेका पीडितहरूलाई राहत उपलब्ध गराउँदा एकद्वारा प्रणाली लागू गरिनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

अध्यक्ष
नौगाड गाउँपालिका

२१. स्वास्थ्य बिमा कार्यक्रमलाई गाउँपालिका भित्र प्रभावकारी रूपमा कार्यान्वयनमा ल्याउन गाउँपालिकाको आधारभूत अस्पताललाई बिमित अस्पतालमा सूचीकृत गर्न आवश्यक पहल गरिनेछ।

२२. गरिबसँग विश्वेश्वर कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

२३. गाउँपालिका भित्र सञ्चालित उद्योगहरूलाई प्रभावकारी रूपमा सञ्चालन गरी रोजगारी सिर्जना गर्न आवश्यक व्यवस्था मिलाइनेछ ।

२४. अन्तर गाउँपालिका समन्वय र सहकार्यमा कार्यान्वयन गर्न सकिने आयोजना र परियोजनाको सम्भाव्यता अध्ययन गरिनेछ ।

२५. फोहोरमैला व्यवस्थापन गर्न सरकारी कार्यालय, विद्यालय र अन्य संघसंस्थाहरूमा जनप्रतिनिधि र कर्मचारीहरूको सहभागितामा सरसफाइ गर्ने नीति लागू गरिनेछ ।

२६. हरेक नागरिकलाई स्वस्थ राख्न गाउँपालिका भित्र म्याद नाघेका खाद्य वस्तु आयात हुन नदिन खाद्य पदार्थको उपभोग अवधि चेक जाँच गर्न आवश्यक व्यवस्था मिलाइनेछ ।

२७. नेपाल सरकार, फिनल्याण्ड सरकार र नौगाड गाउँपालकाको त्रिपक्षीय आर्थिक तथा प्राविधिक सहयोगमा चालु आ.व. २०८१।८२ बाट लागू भएको जलवायु परिवर्तन स्थानीय अनुकूलन परियोजना (LACCP) लाई निरन्तरता दिइनेछ ।

२८. सबै वडाका घरमा नम्बर राखी घरधुरी तथ्याङ्कलाई व्यवस्थित गरिनेछ ।

२९. सशस्त्र संघर्ष (जनयुद्ध) का क्रममा शहीद तथा बेपत्ता भएका, जेल जीवन बिताएका परिवारहरूको लागि रोजगारीमूलक कार्यक्रममा प्राथमिकता दिइनेछ ।

गाउँसभा सदस्यहरू

अब म आ.व. २०८२/८३ को विभिन्न विषयगत एवं क्षेत्रगत नीति तथा कार्यक्रमहरू प्रस्तुत गर्दछु ।

## आ. क्षेत्रगत नीति तथा कार्यक्रमहरू

### १. आर्थिक विकास सम्बन्धी नीतिहरू:

### (क) कृषि तथा पशुपन्छी सम्बन्धी नीतिः

१. **"एक समूह एक फलफूल पकेट कार्यक्रम"** लागू गर्दै कृषक समूह र विपन्न समुदायलाई अनुदानमा फलफूल बोट वितरण र सो को व्यवस्थापन, प्राविधिक सहयोग र उपलब्धि मापनका लागि अभिलेखीकरण गरिनेछ ।

२. व्यावसायिक पशुपालन (नस्ल सुधार र उन्नत जातका पशुपक्षी) र यस क्षेत्रको उपयुक्त कृषिजन्य वस्तुको उत्पादनको सम्भाव्यता अध्ययन गरी उत्पादन, भण्डारण तथा व्यवस्थापन केन्द्रको स्थापना गरी स्थानीय स्तरमा स्वरोजगारी प्रवर्द्धन गरिनेछ ।

३. प्राकृतिक प्रकोपका कारण कृषि तथा पशु पन्छीमा हुने क्षतिको लागि राहत उपलब्ध गराउन संघीय सरकार र प्रदेश सरकारसँग समन्वय गरिनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

अध्यक्ष नौगाड गाउँपालिका

४. कृषि क्षेत्रलाई स्थानीय उत्पादनको प्रमुख क्षेत्रको रूपमा विकास गरी उत्पादित वस्तुको बजारीकरणको माध्यमबाट कृषि क्षेत्रलाई स्थानीयवासीको आर्थिक उन्नतिको मुख्य आधारका रूपमा स्थापित गरिनेछ ।

५. बाँझो जग्गामा फलफूल, तरकारी खेती गर्न उत्प्रेरित गरिनेछ र सिँचाइ, बीउ बिजनको उपलब्धताका साथै प्राविधिक ज्ञान, सीप र प्रविधिको हस्तान्तरणमा जोड दिइनेछ । व्यावसायिक पशुजन्य उत्पादन कार्यक्रमलाई प्रोत्साहित गरिनेछ । साथै "**एक कृषक परिवार, एक कम्पोस्ट मल खाडल**" को कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

६. समुदायको पोषण तथा जीविकोपार्जनको अवस्थामा सुधार ल्याउनको लागि गाउँपालिका भित्रका हरेक घरधुरीमा घरबारी स्थापना गर्दै सम्भाव्य क्षेत्रमा उत्पादनको पकेट क्षेत्र बिस्तार गर्ने र व्यावसायिक रूपमा समूह मार्फत वार्षिक रू ५,००,०००। (पाँच लाख) भन्दा माथि कारोबार गर्ने कृषक समूहहरूलाई प्रोत्साहन गर्दै गाउँपालिका स्तरमा आवश्यक बोट बिरूवा सहज रूपमा आपूर्ति गर्नका लागि विभिन्न सरोकारवाला निकायहरूसँगको समन्वय एवं सहकार्यमा स्थापित उन्नत स्तरको बहुउद्देश्यीय नर्सरीको बृहत्तीकरण र बजारीकरणमा सहयोग गरिनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

अध्यक्ष
नौगाड गाउँपालिका

७. स्थानीय उत्पादनबाट कृषकहरूलाई अधिकतम लाभ पुग्ने गरी जीविकोपार्जनमा सुधार ल्याउन उत्पादित वस्तुको भण्डारण, बजारीकरणका साथै कृषि उपजको सहज आपूर्तिको लागि आवश्यकता अनुसार सङ्कलन केन्द्र, कोल्ड स्टोर, एग्रोभेट स्थापना गर्ने कार्यको सुरूवात गरिनेछ र सो प्रयोजनको लागि निजी क्षेत्र तथा सहकारीहरूलाई छनौट गरी परिचालन गर्न सकिनेछ ।

८. **"एक वडा एक कृषि प्राविधिक र एक वडा एक पशु प्राविधिक"** कार्यक्रमलाई निरन्तरता दिदै किसानको **"खेतमा कृषि प्राविधिक र गोठमा पशु प्राविधिक"** हुनु पर्ने नीतिलाई कडाइका साथ कार्यान्वयन गरिनेछ ।

९. कृषि तथा पशु क्षेत्रको आधुनिकीकरण र व्यावसायीकरणका लागि थप विज्ञ जनशक्तिको सहयोग लिई विभिन्न उत्पादनमुखी कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

१०. कृषि क्षेत्रलाई आर्थिक वृद्धि र रोजगारीको प्रमुख क्षेत्रको रूपमा विकास गरिनेछ । कृषि क्षेत्रको आधुनिकीकरण र यान्त्रिकरण गरी आर्थिक वृद्धिको आधारलाई बलियो बनाइनेछ । सिँचाई, ऊर्जा, वन, पर्यटन लगायतका क्षेत्रको कार्य गर्दा कृषि क्षेत्रको उत्पादन र उत्पादकत्वमा योगदान पुग्ने गरी सामञ्जस्यता कायम गरिनेछ ।

११. बेमौसमी तरकारी खेतीलाई थप प्रोत्साहित गरिनेछ र खेती योग्य जमिनका लागि थप नहर सिँचाई, मोटर लिफ्ट सिँचाइ तथा पाइप सिँचाइ गर्न आवश्यक व्यवस्था मिलाइनेछ ।

१२. कृषकको संरक्षण गर्नुका साथै कृषकले उत्पादन गरेको कृषि उपज खरीद गरी उत्पादनका आधारमा कृषि अनुदान प्रवाह गर्ने व्यवस्था मिलाइनेछ । बारम्बार पशुपन्छीमा देखिने खोरेत, लम्पी स्किन जस्ता गम्भीर प्रकृतिका महामारी जन्य रोगहरू नियन्त्रण गर्न आवश्यक औषधी उपकरण तथा भ्याक्सीनको व्यवस्था गरिनेछ ।

१३. हरेक बस्तीमा भैंसी, उन्नत गाई, तथा भेडाबाख्रा, कुखुरा, खरायो पालन कार्यक्रमलाई प्रभावकारी तथा व्यावसायिक रूपमा सञ्चालनमा ल्याइनेछ । कृषि व्यवसायको लागि अनुदान दिने नीतिलाई निरूत्साहित गर्दै व्यवसाय प्रवर्द्धनको लागि अनुदान दिने नीति अवलम्बन गरिनेछ । कृषि व्यवसायमा उत्कृष्ट उत्पादन गर्ने कृषकलाई सम्मानित तथा पुरस्कृत गर्ने नीति लिइनेछ ।

१४. कृषि बालीमा प्राङ्गारिक तथा कम्पोस्ट मलको प्रयोग गरी अर्गानिक उत्पादनमा जोड दिइनेछ।

१५. कृषिको लागि आवश्यक पर्ने उन्नत जातका बीउ बिजन उपलब्ध गर्ने व्यवस्था मिलाइनेछ ।

१६. माटो परीक्षण गरी सुहाउँदो बाली लगाउन नयाँ तथा उन्नत बीउ बिजन उपलब्ध गरिनेछ ।

१७. नगदे बाली उत्पादन गर्ने हरेक किसानलाई सहकारी मार्फत कृषि ऋणको व्यवस्था गरिनेछ।

१८. कृषि व्यवसायलाई प्रवर्द्धन गर्न पालिकास्तरमा **"कृषक कोसेली घर"** स्थापना गरिनेछ ।

१९. कृषि उत्पादनलाई वृद्धि गर्न **"माटो सुहाउँदो वालि, वालि सुहाउँदो प्रविधि"** कार्यक्रम लागू गरिनेछ।

२०. कृषि पेशालाई थप आकर्षक र उत्पादनमूलक बनाउन कृषिमा आधुनिकीकरण र यान्त्रीकरण गरिनका साथै कृषि सम्बन्धी औजार तथा मेसिन खरिद गर्न अनुदानको व्यवस्था गरिनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

अध्यक्ष
नौगाड गाउँपालिका

२१. पशु स्वास्थ्य सुधारका लागि गाउँपालिका स्तरमा भेटेरिनरी ल्याब सञ्चालन गरिनेछ ।

२२. किसान सूचीकरण कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

२३. कृषि, पशुपन्छी तथा मत्स्य तथ्याङ्क सङ्कलन गरी अद्यावधिक गरिनेछ ।

२४. राष्ट्रिय कृषि आधुनिकीकरण परियोजना अन्तर्गत सञ्चालित पकेट विकास कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

२५. बाख्रास्रोत केन्द्र र पशुपन्छीमा आकस्मिक रोग नियन्त्रण कार्यक्रम सञ्चालन गरिनेछ ।

२६. उन्नत जातका पशुहरूमा कृत्रिम गर्भाधान तथा नस्ल सुधार कार्यक्रमलाई निरन्तरता दिइनेछ।

२७. पशुपक्षी रोगको अन्वेषण, नमुना सङ्कलन तथा प्रेषण र इपिडीमियोलोजिकल कार्यलाई निरन्तरता दिँदै प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ ।

२८. पशु सेवा विभाग र प्रादेशिक निकायमा पशुपन्छी तथ्याङ्क तथा पशु सेवा सम्बन्धी कार्यक्रमहरूको प्रगति प्रतिवेदन समयमा नै पठाउने व्यवस्था मिलाइनेछ ।

२९. खाद्य सुरक्षा सम्बन्धी नीति तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ ।

३०. कृषिजन्य उत्पादनसँग सम्बन्धित उद्योग स्थापनालाई प्राथमिकता दिइनेछ ।

३१. कृषिमा नविनतम प्रविधि प्रयोग तथा विस्तारका लागि कृषकबाट कृषकलाई ज्ञान, सीप र प्रविधि हस्तान्तरणका लागि सिकाई आदान प्रदान कार्यक्रम आयोजना गरिनेछ ।

३२. सुदूरपश्चिम प्रदेश सरकार नवप्रवर्तन साझेदारी कोष अन्तर्गत आ.व. २०७९।८० बाट सञ्चालित **"युवा उद्यमशिलता तथा कृषि व्यवसाय प्रवर्द्धन परियोजना"** लाई अझ प्रभावकारी रूपमा सञ्चालन गर्न संचालित क्रियाकलापहरूको संस्थागत विकास मार्फत व्यवसाय प्रवर्द्धन गरी युवा उद्यमी सिर्जना गर्ने नीति अवलम्बन गरिनेछ।

३३. कृषि पेशमा युवाहरूको आकर्षण बढाउन २० वर्ष देखि ४० वर्ष भित्रका युवाहरूका लागि विशेष तालिम तथा आधुनिक कृषि प्रविधि हस्तान्तरण कार्यक्रम सञ्चालन गरिनेछ ।

३४. व्यावसायिक तरकारी उत्पादन कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

३५. प्रदेश सरकारको सहयोगमा सञ्चालित **"भेडा बाखा पालन कार्यक्रम"** लाई निरन्तरता दिइनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

अध्यक्ष
नौगाड गाउँपालिका

३६. गाउँपालिकाभित्रका विभिन्न स्थानहरूमा उपयुक्त तरकारी उत्पादन पकेट क्षेत्रहरू पहिचान गरी साझेदार निकायहरूको सहकार्यमा विभिन्न आय आर्जन अभिवृद्धि कार्यक्रमहरू सञ्चालन गरिने छन्। यी कार्यक्रमहरू जलवायु मैत्री प्रविधिमार्फत सञ्चालन गरिने छन् जसमा जल-स्रोत संरक्षण, जैविक मलको प्रयोग, समुचित सिँचाइ र रोग व्यवस्थापनका प्रविधिहरूलाई प्राथमिकता दिइनेछ।

३७. गाउँपालिकाले तुलनात्मक लाभ, भूगोल र वातावरण अनुकूल कृषिजन्य उत्पादनहरूलाई प्राथमिकता दिँदै कृषि क्षेत्रको विशिष्टिकरण, यान्त्रीकरण र व्यावसायिकरण गर्ने नीति अवलम्बन गरेको छ। यस अन्तर्गत, स्थानीय किसानहरूलाई आधुनिक कृषि औजार तथा प्रविधिको प्रयोग, बजार पहुँच तथा मूल्य श्रृंखला सुधारतर्फ प्रेरित गरिनेछ ।

३८. रासायनिक मलको प्रयोग न्यूनिकरण गर्दै गोठेमल, कम्पोस्ट र अन्य जैविक मल उत्पादन तथा व्यवस्थापनमा जोड दिइनेछ । यस प्रयोजनका लागि कृषि शाखा र जलवायु परिवर्तन स्थानीय अनुकूलन परियोजना (LACCP) सँगको साझेदारीमा क्षमता अभिवृद्धि कार्यक्रम, अभिमुखीकरण तथा जनचेतनामूलक अभियानहरू सञ्चालन गरिनेछन् ।

३९. जनताको आय आर्जन र स्वरोजगारमा टेवा पुगोस् भन्ने उद्देश्यले पशुपालन, कुखुरापालन तथा मत्स्यपालन क्षेत्रहरूमा पूर्वाधार निर्माण, व्यावसायिक इकाई स्थापनाको प्रोत्साहन, जनावर वितरण तथा प्राविधिक सेवा विस्तार गरिनेछ ।

४०. गाउँपालिकाको वडा नं. २ मा रहेको दल्लेख क्षेत्रलाई व्यावसायिक कृषिको ज्ञान आदान-प्रदानको केन्द्र (Learning Center) का रूपमा विकास गरिने छ। उक्त क्षेत्रमा जलवायु परिवर्तन स्थानीय अनुकूलन परियोजना (LACCP) संगको साझेदारीमा **तरकारी मूल्य श्रृंखला**का कार्यहरू सञ्चालन गरिने छन् साथै जिल्लाका कृषकहरूलाई सीप, ज्ञान वृद्धि गराउन दल्लेखका कृषकहरूलाई सहजकर्ताका रूपमा विकास गरी "**कृषक पाठशाला**" सञ्चालन गरिनेछ ।

४१. भू-उपयोग व्यवस्थापन योजना निर्माणका लागि आवश्यक पहल गरिनेछ, साथै जलाधार व्यवस्थापनका लागि योजना तर्जुमा तथा कार्यान्वयन गर्न साझेदार संस्थाहरूसंग आवश्यक सहकार्य गरिनेछ।

४२. पाखो तथा सार्वजनिक जग्गाहरूमा जडीबुटी कृषि तथा वृक्षारोपण अभियानका लागी आवश्यक पहल गरिनेछ ।

४३. गाउँपालिका क्षेत्रमा कृषि उत्पादन हुने जग्गा जमिनहरूमा सिँचाइ सुविधा पुर्याउन विभिन्न साझेदार संस्थाहरूसंगको साझेदारीमा आयोजनाहरू निर्माण गरिनेछ ।

४४. सिँचाइ योजना सहितको बहुउपयोगी योजना निर्माणमा सहकार्य साझेदारी गरिनेछ ।

४५. माटोको प्रकृति, जग्गाको धरातलीय अवस्थितिका आधारमा सिँचाइका विभिन्न प्रविधिहरू जस्तै पाईप सिँचाइ, पोखरी सिँचाइ, थोपा सिँचाइ, लिफ्ट सिँचाइ आयोजना सञ्चालन गरिनेछ ।

४६. कृषकहरूको आय आर्जनमा टेवा पुर्याउन सिँचाइ सुविधा भएका जमिनहरूमा जलवायु मैत्री कृषि प्रणाली तथा कृषि वन विकास गरिनेछ ।

**(ख) सहकारी तथा सामुदायिक संस्था सम्बन्धी नीतिः**

१. स्थानीय बचतलाई प्रोत्साहन गरी लगानी तथा कार्यक्षेत्र विस्तार गर्न गाउँघरमा सहकारी संस्थाको स्थापना र क्षमता विकास गरी वित्तीय संस्थाहरूसँगको समन्वयमा कार्यक्षेत्र विस्तार गरिनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

अध्यक्ष
नौगाड गाउँपालिका

२. दिगो विकासको अवधारणा अनुरूप स्थानीय तहमा रहेका विभिन्न स्वायत्त संस्था र समूहको (लघु जल विद्युत् संस्था, सामुदायिक वन उपभोक्ता समिति, खा.पा. उपभोक्ता समिति, सहकारी संस्था आदि) संस्थागत विकास र क्षमता विकास गर्ने कार्यक्रम सञ्चालन गरिनेछ ।

३. सहकारी संस्था ऐन, नियमावली र कार्यविधि अनुसार सहकारी संस्था खोल्ने, एकीकरण गर्ने र संस्था स्थापना भई संस्थाको उद्देश्य अनुसार प्रभावकारी रूपमा सेवा प्रवाह गर्न नसकेका सहकारी संस्था विघटन गरी उद्देश्य र प्रकृति मिलेका सहकारी संस्थासँग नियमानुसार एकीकरण गर्ने नीति अवलम्बन गरिनेछ ।

४. गाउँपालिका भित्र रहेका सहकारी संस्थाको नियमन, अनुगमन तथा प्रभावकारी रूपमा सञ्चालनको माध्यमबाट स्थानीय समुदायमा छरिएर रहेको पूँजीको सङ्कलन, व्यवस्थापन तथा परिचालनका लागि सहकारी संस्थाको क्षमता विकास गर्न नियमित रूपमा अनुगमन, मूल्याङ्कन, वित्तीय साक्षरता अभियान, तालिम, समीक्षा गोष्ठी आयोजना गरिनेछ । साथै गाउँपालिका भित्र सञ्चालित सहकारी संस्थाको प्रभावकारिताको मूल्याङ्कन गरी सोको अभिलेखीकरण गर्ने पद्धतिको थालनी गरिनेछ ।

५. आर्थिक विकास र गरिबी निवारणका लागि सहकारी क्षेत्रलाई उद्यमशीलता, उत्पादन र रोजगारीसँग आबद्ध गरिनेछ । सहकारी संघ संस्थाको अनुगमन र संस्थागत सुशासन प्रवर्द्धन गर्न नियमनकारी निकायलाई अधिकार सम्पन्न र सुदृढ बनाइनेछ ।

६. विगतमा गरिबी निवारण कोष, केयर नेपाल लगायतका संस्था तथा कार्यक्रमहरूबाट सामुदायिक संस्थाहरूमा **घुम्ती कोष**को रूपमा उपलब्ध भएको रकमलाई सङ्कलन गर्न समन्वय गरिनेछ । उक्त कोषको रकम सङ्कलन गरी नजिकको सहकारी मार्फत बेरोजगार युवाहरूलाई व्यवसायसँग जोड्न ऋण प्रवाह गर्ने व्यवस्था मिलाइनेछ ।

**(ग) उद्यमशीलता प्रवर्द्धन तथा रोजगारी सृजना सम्बन्धी नीतिः**

१. स्थानीय स्रोत साधनमा आधारित घरेलु तथा लघु उद्योग स्थापना एवम् सञ्चालनका लागि आवश्यक व्यवस्था गरी लक्षित व्यक्ति तथा समूहलाई अनुदान उपलब्ध गरिनेछ ।

२. गाउँपालिका स्तरमा उपलब्ध बहुमूल्य जडीबुटीको समुचित उपयोग मार्फत छरिएर रहेका स-साना उद्योगहरूलाई एकीकृत गरी गाउँपालिकालाई आत्मनिर्भर तथा रोजगार उन्मुख तुल्याउन गाउँपालिका स्तरमा निर्माणाधीन औद्योगिक ग्राम निर्माण कार्यलाई अगाडी बढाइनेछ ।

३. गाउँपालिका भित्र रहेका उद्योगी, व्यवसायीहरूको हकहित संरक्षणको लागि संगठन स्थापना गर्न कार्यविधि बनाई लागू गरिनेछ ।

४. परम्परा देखि नै चल्दै आएका स्थानीय घरेलु उद्योग (बाँस, निगालो, आरन, अल्लो प्रशोधन, आदी) लाई स्तर उन्नति, आधुनिकीकरण तथा व्यावसायिकरण गरिनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

अध्यक्ष
नौगाड गाउँपालिका

५. नवप्रवर्तनमा आधारित व्यवसाय स्थापना र सञ्चालनमा सहजिकरण गरिनेछ । उद्यमशिलता, सिर्जनशीलता, परम्परागत ज्ञान र सीपको विकास गरी युवा उद्यमीलाई गाउँ स्तर मै उद्यम गर्न आकर्षित गरिनेछ ।

६. नवप्रवर्तन साझेदारी कोष अन्तर्गत आर्थिक वर्ष २०७९।०८० मा ६ वटै वडाहरूमा निर्माण गरिएका आधुनिक अल्लो प्रशोधन केन्द्रहरूको दिगो सञ्चालन तथा व्यवस्थापन गरी अल्लोको धागो उत्पादन गर्न आवश्यक व्यवस्था मिलाइनेछ ।

७. नवप्रवर्तन साझेदारी कोष अन्तर्गत सञ्चालन भएको युवा उद्यमशीलता तथा मौरीपालन व्यवसाय प्रवर्द्धन परियोजनाबाट ज्ञान, सीप र दक्षता हासिल गरेका कृषकहरूको दक्षता प्रयोग गरी नयाँ उद्यमी तथा व्यवसायी सिर्जना गर्न कृषकबाट कृषक प्रशिक्षण कार्यक्रम लागू गरी कृषकलाई व्यवसायी हुन प्रोत्साहन गरिनेछ ।

८. आवश्यकता तथा मागको आधारमा गाउँपालिका भित्र विभिन्न किसिमका उद्योगको सम्भाव्यता अध्ययन र सञ्चालनमा सहयोग गरिनेछ ।

९. व्यापार व्यवसायलाई मर्यादित र व्यवस्थित गर्न हरेक प्रकारका व्यापारिक कारोबारलाई गाउँपालिकामा दर्ता गरी अभिलेख कायम गरिनेछ ।

१०. उत्पादनको उत्पादकत्व र बजार प्रतिस्पर्धा वृद्धि गर्नका लागि सामूहिक प्रविधि हस्तान्तरण गरिनेछ ।

११. गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ बमोजिम उद्यमीको स्तरोन्नतिको लागि तालिम सञ्चालन गरिनुका साथै लघु उद्यम विकास मोडेलमा नयाँ लघु उद्यमी सिर्जना गरिनेछ ।

१२. स्थानीय कच्चा पदार्थमा आधारित उद्योग (केतुकी, सिस्नु आदि) सञ्चालन गर्न आवश्यक सहयोग गरिनेछ।

प्रमुख प्रशासकीय अधिकृत

अध्यक्ष
नौगाड गाउँपालिका

## (घ) पर्यटन तथा संस्कृति सम्बन्धी नीतिः

१. गाउँपालिका क्षेत्र भित्र रहेका पर्यटकीय र ऐतिहासिक स्थलहरू मध्येबाट वडा नं २ स्थित छिपुलथान विविधता उद्यान (डाइभरसिटी पार्क)लाई व्यवस्थित गरिनेछ । साथै नेपालकै धार्मिक स्थलको रूपमा परिचित गाउँपालिकाको वडा नं १ मा रहेको नागेश्वर धाम, वडा नं ३ मा रहेको ताराकोट, वडा न. ४ मा रहेको सिप्टी विनायक डाँडा र वडा न. ६ को शिखर क्षेत्रलाई पर्यटकीय क्षेत्रको रूपमा विकास गरिनेछ ।

२. गाउँपालिकाको पर्यटन प्रवर्द्धन गर्न देथला-धुलिगडा-खार-खलंगा सडकको खार देखि दल्लेख सम्म कालोपत्रेको काम यथाशीघ्र सम्पन्न गर्न पहल कदमी गरिनेछ । पर्यटकीय क्षेत्र सम्म जोड्ने सडक तथा पदमार्गहरू लगायत अन्य आवश्यक संरचनाहरू निर्माण गरिनेछ ।

३. गाउँपालिकाको विभिन्न स्थानमा मनाइने विषु पर्व स्थललाई व्यवस्थित गरी आन्तरिक तथा बाह्य पर्यटकीय केन्द्रका रूपमा विकास गरिनेछ ।

४. गाउँपालिकामा विभिन्न समुदायको भेष भूषा, परम्परा तथा संस्कृति झल्किने सङ्ग्रहालय स्थापना गर्न पहल गरिनेछ ।

५. गाउँपालिकामा सांस्कृतिक कला केन्द्रको स्थापना गरी स्थानीय कलाकारहरूको क्षमता विकास गरिनेछ ।

६. आस्था र साँस्कृतिक धरोहरका रूपमा रहेका विभिन्न देवी देवताका मन्दिरहरू निर्माण गरी व्यवस्थित गरिनेछ ।

## (ङ) युवा, श्रम तथा रोजगार सम्बन्धी नीतिः

१. श्रमको सम्मान र मर्यादित श्रम सहितको श्रमिकको हक अधिकार सुनिश्चित गरिनेछ । यहाँको श्रमशक्तिलाई गाउँपालिका भित्र नै रोजगारीका अवसर उपलब्ध गराइनेछ । सार्वजनिक तथा निजी क्षेत्रका कार्यक्रममा रोजगारी सिर्जना गर्न प्रेरित गरिनेछ । सार्वजनिक, निजी र सहकारी क्षेत्रमा उपलब्ध रोजगारीका अवसर सम्बन्धी सीप तथा रोजगारको तथ्याङ्क तयार पारिनेछ ।

२. प्रधानमन्त्री रोजगार कार्यक्रम, कृषि तथा पशु शाखा अन्तर्गतका कार्यक्रम, गरिबी निवारणका लागि लघु उद्यम कार्यक्रम लगायत अन्य सम्बन्धित कार्यक्रमहरूको सहकार्यमा रोजगारी सिर्जना हुने, सीप विकास, उत्पादनमूखी, स्वरोजगारमूलक तथा उद्यमशीलतासँग सम्बन्धित कार्यक्रमहरू एकीकृत रूपमा सञ्चालन गरी बेरोजगारीलाई न्यूनिकरण गर्दै लगिनेछ ।

३. आन्तरिक रोजगारी प्रवर्द्धन, दक्ष तथा सीपयुक्त जनशक्ति उत्पादन, सुरक्षित, मर्यादित तथा नियमित वैदेशिक रोजगारीका अवसर जस्ता पक्षहरूको समुचित विकास गर्न गाउँपालिकाको पाचँ वर्षे रोजगार रणनीतिलाई कार्यान्वयन गरिनेछ ।

४. प्रधानमन्त्री रोजगार कार्यक्रमलाई अझ प्रभावकारी रूपमा कार्यान्वयन गर्न न्यूनतम रोजगारीको प्रत्याभूति हुनेगरी सामुदायिक आयोजनाहरूमा गाउँपालिकाको लागत साझेदारीमा रोजगारी

प्रमुख प्रशासकीय अधिकृत

अध्यक्ष नौगाड गाउँपालिका

प्रवर्द्धनात्मक क्रियाकलाप र भौतिक पूर्वाधार विकास निर्माण कार्य सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ।

५. स्थानीय स्तरमा रोजगारीको सृजना तथा प्रवर्द्धनको लागि सार्वजनिक निर्माण कार्यमा सम्भव भए सम्म स्थानीय जनशक्तिको प्रयोग गरिनेछ ।

६. नविनतम व्यवसायलाई प्रोत्साहन गर्दै युवा लक्षित कार्यक्रमहरू सञ्चालन गरिनेछन् र नविनतम व्यवसाय गर्ने युवाहरूलाई नवप्रवर्तनकारी व्यवसाय प्रस्तावका आधारमा प्राविधिक तथा आर्थिक सहयोग प्रदान गर्ने नीति लिइनेछ ।

७. कामको अनुभवबाट सीप प्राप्त भएका व्यक्तिहरूलाई पूर्व सिकाईको मान्यता विधि मार्फत प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्बाट प्रमाणपत्र उपलब्ध गराउन पहल गरिनेछ।

८. गाउँपालिकामा स्थापना गरिएको सीप विकास तालिम केन्द्रलाई व्यवस्थित तथा प्रभावकारी बनाई एकिकृत तथा एकद्वार प्रणालीबाट तालिम प्रदान गर्ने पद्धतिको विकास गरी दक्ष तथा सक्षम जनशक्ति विकासका लागि सीपमूलक तालिम प्रदान गरी स्वरोजगार बन्न उत्प्रेरित गरिनेछ ।

९. वैदेशिक रोजगारबाट फर्केका र अन्य बेरोजगार युवा श्रमिकहरूको विवरण प्रत्येक वडा कार्यालयहरू मार्फत सङ्कलन गरी गाउँपालिकामा श्रमिक बैङ्क स्थापना गरिनेछ ।

१०. श्रम स्वीकृती तथा पुनः श्रम स्वीकृती आवेदनलाई सरल, शुलभ तथा व्यवस्थित सहजिकरण सेवा प्रदान गर्न रोजगार सेवा केन्द्रलाई सुद्दढिकरण गरिनुका साथै वैदेशिक रोजगारीका अवसरहरू प्राप्त गर्न सहजिकरण गरिनेछ ।

११. स्थानीय स्तरमा रोजगारीकको सृजना तथा प्रवर्द्धनको लागि सार्वजनिक निर्माण कार्यहरूमा सम्भव भए सम्म श्रममूलक प्रविधिको प्रयोग गरिनेछ ।

१२. गाउँपालिकाको मुख्य सडक (सहायक राजमार्ग) बाट विद्यालय, अस्पताल/ स्वास्थ्य चौकी/ प्रशुति गृह, मठमन्दिर, मसान, टोलबस्ती तथा पर्यटकीय क्षेत्र जाने घोरेटो बाटाहरूलाई प्रधानमन्त्री रोजगार कार्यक्रम र गाउँपालिकाको लागत साझेदारीमा क्रमशः स्तरोन्नति गर्दै लगिनेछ ।

१३. प्रधानमन्त्री रोजगार कार्यक्रममा श्रमिक छनोट प्रक्रियालाई नियमसंगत, स्पष्ट, विभेदरहित तथा कार्यविधि अनुरूप वास्तविक बेरोजगारलाई छनोट गरिनेछ ।

१४. सबै प्रकारका बालश्रम अन्त्य गर्न टोल तथा विद्यालयमा बालश्रम सम्बन्धी सचेतनामूलक कार्यक्रम सञ्चालन गरी आगामी आर्थिक वर्ष भित्र गाउँपालिकालाई बालश्रममुक्त घोषणा गरिनेछ ।

१५. न्यूनतम रोजगारीको प्रत्याभूति हुनेगरी राष्ट्रिय रोजगार कार्यक्रम अझ प्रभावकारी रूपमा अघि बढाउन सामुदायिक आयोजनाहरूमा पालिकाको सत प्रतिशत ज्यालामा लागत साझेदारी गरिनेछ , वडा तहमा समेत लागत साझेदारी कायम गरी रोजगारीको प्रवर्द्धन गरी भौतिक पूर्वाधारकोविकास गरिनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

अध्यक्ष
नौमाड गाउँपालिका

१६. बेरोजगार व्यक्तिको तथ्याङ्क संकलन बिश्लेषण गरी रोजगार व्यवस्थापन प्रणालीमा बेरोजगारको सूची अद्यावधिक गरि पालिका भित्र उपलब्ध रोजगारीका अवसरहरूको पहिचान सूचना प्रवाह गरिनेछ ।

१७. संघ तथा प्रदेशले ल्याएका रोजगार मूलक कार्यक्रममा अपनत्व कायम गरी रोजगारीको क्षेत्र विस्तार गर्दै गरिवी न्यूनिकरण तथा रोजगारीका अवसरको वृद्धि गरिनेछ ।

१८. आन्तरिक रोजगारी सृजना गर्न सरोकारवाला निकायसहकारी तथा गैरसरकारी क्षेत्र सँग ,निजी , हकार्य र साझेदारीमा जोड दिईनेछ ।स ,समन्वय

१९. कुनै काम सानो वा ठुलो हुदैनश्रमको सम्मान राष्ट्रको ,समान कामकालागि समान ज्याला , न्युनतम रोजगार नागरिकको अधिकार जस्ता अभिमुखिकरण कार्यक्रमह ,अभियानरू सञ्चालन गरी कामको सम्मान गर्ने भावना जागृत गराई स्वरोजगार उन्नमुख जीवन शैलीउपयुक्त पारिश्रमिक र , सामाजिक संरक्षण सहितको रोजगारी प्रदान गरिनेछ ।

२०. संघ प्रदेश तथा स्थानीय तहले कार्यान्वयन गर्ने ठुला ,विकास निर्माणका आयोजनाहरूमा ५० प्रतिशत दक्ष तथा अदक्ष श्रमिक रोजगार सेवा केन्द्र बाट माग गर्ने व्यवस्थाको प्रभावकारी कार्यान्वयन गरिनेछ।

२१. नविनतम युवा लक्षित व्यवसायलाई प्रोत्साहन गर्ने कार्यक्रम ल्याईनेछनजसमा नबिनतम व्यवसाय , गर्ने युवाहरूलाई नवप्रवर्द्धनकारी व्यावसाय प्रस्तावका आधारमा प्राविधिक तथा आर्थिक सहयोग प्रदान गरिनेछ ।

२२. कामको अनुभवबाट प्राप्त ईको मान्यतासिकाईलाई पूर्व सिका (अनौपचारिक सीप)(Recognition of Prior Learning) बिधिबाट औपचारिक सिकाई प्रदान गर्नमा सहयोग गरिनेछ । (प्रमाणपत्र)

२३. दक्ष तथा सक्षम जनशक्ति विकासका लागि सीप मुलक तालिम पहिचान गरी बेरोजगार व्यक्तिलाई तालिम दिइ स्वरोजगार बन्न उत्प्रेरित गरिनेछ ।

२४. वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिहरूको सीप तथा क्षमताको स्थानीय स्तरमै प्रयोग गर्न आवश्यक नीति तथा कार्यक्रम बनाएर समन्वय गरिनेछ ।

२५. स्थानीयराष्ट्रिय तथा अन्तराष्ट्रिय बजारको माग अनु ,रूपका सीप विकास तालिमका विषयहरू समावेश गरिनेछ ।

२६. परमपरागर सीप जस्तै आरनभाडा वर्तन आदी सीपको प्रर्वद्धन ,मदानी ,मोट्टा ,सुप्पा ,डाला ,डोको , " गर्न**मेरो सीप मेरो गौरव** "कार्यक्रम सञ्चालन गरिनेछ । जसमा परम्परागत सीपको गर्ने व्यक्तिको सूचीकरण तथा बजारीकरण गर्न पालिकाले ,उत्पादन ,व्यवसायीकरण ,आर्थिकप्राविधिक तथा , नीतिगत सहयोग गरिनेछ।

२७. वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिहरूको प्राप्त गरेको ज्ञान र सीप समेटिएको व्यवस्थित वडागत तथ्याङ्क प्रणालीको व्यवस्थापन गरिनेछ ।

२८. वैदेशिक रोजगारीमा जान चाहने युवालक्षित अभिमुखिकरण कार्यक्रम सञ्चालन गरिनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

अध्यक्ष
नौगाड गाउँपालिका

२९. वैदेशिक रोजगारीलाई सुरक्षितसम्मान र सुरक्षाको मर्यादित तथा सहज बनाउन ,व्यवस्थित , प्रत्याभूती गराउदै वैदेशिक रोजगारीका अवसरहरू प्राप्त गर्न सहजिकरण गरिनेछ ।

३०. वैदेशिक रोजगारीमा गएका श्रमिक तथा तिनका परिवार लक्षित कल्याणकारी सेवालाई सहजिकरण गरिनेछ।

३१. मनोसामाजिक परामर्श सेवा, वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरूसँग वैदेशिक रोजगारी तथा आन्तरिक रोजगारी, समुदायस्तरमा सुरक्षित वैदशिक रोजगारी र सुरक्षित आप्रवासन (SaMi) सम्बन्धी अभिमुखिकरण कार्यक्रम सञ्चालन गरिनेछ ।

**२. सामाजिक विकास सम्बन्धी नीतिहरूः**

**(क) शिक्षा तथा खेलकूद सम्बन्धी नीतिः**

१. नेपाल सरकारको "**बालबालिकालाई विद्यालय ल्याउँ, टिकाउँ र सिकाउँ**" र प्रदेश सरकारको **"सानै छु बढ्न देऊ, विहे होइन पढ्न देऊ"** भन्ने अभियानलाई आत्मसाथ गर्दै विद्यालय उमेरका सबै बालबालिकालाई विद्यालयमा ल्याउन भर्ना अभियान सञ्चालन गरिनेछ ।

२. गुणस्तरीय, अनिवार्य तथा निःशुल्क शिक्षाका लागि सबै सार्वजनिक विद्यालयहरूमा न्यूनतम पूर्वाधार निर्माण कार्य सम्पन्न गरिनेछ । विज्ञान, गणित र अङ्ग्रेजी शिक्षकको अभाव नहुने गरी सामुदायिक विद्यालयमा गाउँपालिका करार दरबन्दीको व्यवस्था गरिनेछ ।

३. कक्षा १ देखि ५ सम्म विषयगत कक्षा सञ्चालन र विद्यार्थी सङ्ख्याको अनुपातमा दरबन्दी कायम गरी प्रत्येक वडाका माध्यमिक तहका विद्यालयहरू मध्ये एक/एक वटा विद्यालयलाई नमुना विद्यालयको रूपमा छनौट गरी **"शैक्षिक गुणस्तर सुधार कार्यक्रम"** लागू गरिनेछ ।

४. शिक्षक तथा कर्मचारीहरूको पेशागत सीप विकासको लागि तालिम तथा अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ ।

५. कक्षा (०-१२) को शिक्षालाई पूर्ण रूपमा निःशुल्क गर्दै लगिनेछ साथै आवश्यकता, माग र क्षमताको आधारमा अंग्रेजी माध्यममा शिक्षण गर्न अनुमति दिइनेछ ।

६. गरिब, टुहुरा, असहाय, सशत्र संघर्ष तथा जनआन्दोलनका शहीद परिवार, द्वन्द्व पीडित घाइते तथा अपाङ्ग परिवारका बालबालिकाहरूलाई आधारभूत तहको शिक्षा अनिवार्य रूपमा हासिल गर्न गाउँपालिकाबाट आवश्यक सहयोग गरिनेछ ।

७. गाउँपालिकामा एउटा उच्च तहको प्राविधिक शिक्षालय र एउटा क्याम्पस स्थापना गर्न पहल गरिनेछ ।

८. गाउँपालिकाको स्थानीय पाठ्यक्रम बमोजिम पाठ्यपुस्तक लेखन तथा छपाई कार्य गर्न आवश्यक व्यवस्था मिलाइनेछ ।

९. विद्यालयमा शिशुको सङ्ख्याको आधारमा बाल विकास कक्षा थप गरिनेछ ।

१०. विद्यालयहरूमा विद्यार्थी सङ्ख्याको अनुपातमा प्रशासनिक र दिवा खाजा व्यवस्थापन अनुदान दिइनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

अध्यक्ष
नौमाड गाउँपालिका

११. शिक्षाको गुणस्तर अभिवृद्धि गर्न विद्यालयको प्रधानाध्यापकलाई बढी जिम्मेवार बनाइनेछ । साथै उत्कृष्ट शिक्षक, विद्यालय र प्र.अ. छनौट गरी पुरस्कृत गरिनेछ ।

१२. कक्षागत, विषयगत र विद्यालयगत सिकाई उपलब्धिलाई विश्लेषण र बृहत शैक्षिक योजना तयार गरी सिकाइ उपलब्धिलाई वृद्धि गर्दै लगिनेछ ।

१३. दिगो विकासको लक्ष्य हासिल गर्न नेपाल सरकारले लागू गरेको विद्यालय खानेपानी, सरसफाइ तथा स्वच्छता कार्यविधि २०७५ अनुसार विद्यालय स्तरीय वास सुविधा विस्तार गरी तीन तारे विद्यालयमा स्तरोन्नती गरिनेछ र तीन तारे घोषणा भएका विद्यालयको सुविधा स्तर कायम राख्न निरन्तर अनुगमन र मूल्याङ्कन गरिनेछ ।

१४. शैक्षिक गुणस्तर सुधार र विकास गर्न गाउँ शिक्षा समितिलाई जिम्मेवार बनाइनेछ । शिक्षा क्षेत्रमा व्यापक सुधार गरी गुणस्तरीयता प्राप्त गर्न अनुगमन तथा निरीक्षणलाई प्रभावकारी बनाइनेछ । साथै उच्चतम तहका शिक्षक समेत रहेको अनुगमन समिति गठन गरिनेछ ।

१५. हरेक विद्यालयले गाउँपालिका र जिल्ला स्तरमा सञ्चालन हुने प्रतियोगितात्मक क्रियाकलापहरूमा अनिवार्य सहभागी हुनुपर्ने र यसलाई मूल्याङ्कनको आधार बनाइनेछ ।

१६. विद्यालयका शिक्षक कर्मचारीहरूलाई ऐन, नियमले कुनै समिति वा संस्थाको पदमा बस्न पाउने व्यवस्था भएकोमा बाहेक समुदायका अन्य कुनै पनि समिति वा संस्थाको पदमा रहेर काम गर्न नपाउने

प्रावधान लागू गरिनेछ ।

१७. नमुना विद्यालयलाई श्रोत विद्यालयको रूपमा विकास गरी अनुभव आदान प्रदानका लागि अन्तर विद्यालय भ्रमणको व्यवस्था मिलाइनेछ ।

१८. गाउँपालिकाको शैक्षिक गुणस्तरमा सुधार गर्न विषयगत शैक्षिक उपलब्धिको आधारमा अन्तर विद्यालय सरूवा गर्ने नियमलाई कार्यान्वयनमा ल्याउन सुरूवात गरिनेछ र विद्यार्थी सङ्ख्या न्यून भएका विद्यालयहरूलाई समायोजन गरिनेछ ।

१९. विद्यालय क्षेत्र सुधार योजना अन्तर्गतका कार्यक्रमहरूलाई निरन्तरता दिइनेछ ।

२०. दिवा खाजा कार्यक्रमलाई प्रभावकारी रूपमा सञ्चालन गर्न तथा विद्यालयलाई पूर्ण सरसफाइ क्षेत्र बनाउन खानेपानी व्यवस्थापन, बाल मैत्री धारा, शौचालय, भान्छा, पर्खाल, खाडल, भकारी निर्माण तथा मर्मत सम्भार कार्यका लागि आवश्यक व्यवस्था मिलाइनेछ ।

२१. सार्वजनिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरूका लागि छात्रवृत्ति, स्यानेटरी प्याड (छात्रा) र निःशुल्क पाठ्यपुस्तक कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

अध्यक्ष
नौगाड गाउँपालिका

२२. अन्तर्राष्ट्रिय, राष्ट्रिय, प्रादेशिक र जिल्ला स्तरीय प्रतियोगिताहरूमा पदक जित्ने खेलाडीहरूलाई नगद पुरस्कार सहित सम्मान गरिनेछ । साथै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलाडीहरूको ज्ञान, सीप र अनुभवको सदुपयोग गरिनेछ ।

२३. नागरिकहरूमा सकारात्मक सोचको विकास गराउन जीवन रूपान्तरण सम्बन्धी अभिप्रेरणात्मक कार्यक्रम सञ्चालन गरिनेछ ।

२४. गाउँपालिका तथा वडा स्तरमा खेल मैदान निर्माणका लागि नेपाल सरकार र प्रदेश सरकारसँग पहल, सहकार्य तथा समन्वय गरिनेछ ।

२५. माध्यमिक विद्यालयमा एक जना शिक्षकलाई खेल शिक्षकको रूपमा तालिम दिइनेछ र योग शिक्षा कक्षा सञ्चालन गरिनेछ ।

२६. गाउँपालिका स्तरीय खेलकूद समिति गठनको कार्यविधि तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ ।

२७. आधारभूत तहको शैक्षिक गुणस्तर मापन गर्न **"अध्यक्ष रनिङ्ग शिल्ड"** प्रतियोगिता लाई निरन्तरता दिइनेछ ।

२८. विभिन्न खेलकुद प्रतियोगिता सञ्चालन गर्न वडा नं ४ को सिप्टीमा सम्भाव्यता अध्ययन गरी बहुउद्देश्यीय रङ्गशाला निर्माणको लागि जग्गा प्राप्ति प्रक्रिया अगाडी बढाइनेछ ।

**(ख) स्वास्थ्य सम्बन्धी नीतिः**

१. सुत्केरी र नवजात शिशुको जीवन रक्षा तथा सुरक्षित प्रसूतिका लागि गाउँपालिकाका ६ वटै वडाहरूमा स्थापित प्रसूति गृहहरूको स्तरोन्नती गरिनेछ ।

२. स्वास्थ्य क्षेत्रमा महिला स्वास्थ्य स्वयम् सेविकाहरूले पुऱ्याएको योगदानको कदर गर्दै विगत देखि दिँदै आएको प्रोत्साहन भत्ता कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

३. सम्पूर्ण सार्वजनिक स्थल र सवारी साधनहरूमा धूम्रपान र मदिरा सेवन निषेध गरिनेछ ।

४. आधारभूत अस्पताल, स्वास्थ्य चौकी, आधारभूत सामुदायिक स्वास्थ्य केन्द्र र सामुदायिक स्वास्थ्य इकाईहरूमा वर्ष भरि निःशुल्क भनी तोकिएका औषधी, आवश्यक स्वास्थ्य सामग्री र स्वास्थ्य उपकरणको उपलब्धता सुनिश्चित गरिनेछ ।

५. गाउँपालिकालाई पूर्ण खोप सुनिश्चितता तथा दिगोपना घोषणा गरिएकोमा आगामी आ.व. मा पनि निरन्तरता दिइनेछ ।

६. गाउँपालिकाको आधारभूत अस्पतालमा आवश्यक जनशक्तिको व्यवस्थापन गरी प्रभावकारी रूपमा स्वास्थ्य सेवा प्रदान गरिनेछ ।

७. गर्भवती महिलालाई चेक जाँच गर्न चालू अवस्थामा रहेको अल्ट्रासाउण्ड सेवालाई थप प्रभावकारी बनाइनेछ ।

८. प्रजनन रुग्णता स्वास्थ्य सेवा, परिवार नियोजन सेवा, किशोर किशोरी स्वास्थ्य सेवा, पोषण कार्यक्रम, मात्री नवशिशु कार्यक्रम, आमा सुरक्षा, गर्भवती उत्प्रेरणा, रक्तसञ्चार, न्यानो झोला, सुरक्षित निःशुल्क

प्रमुख प्रशासकीय अधिकृत

अध्यक्ष
नौमाड गाउँपालिका

गर्भपतन, नवजात शिशुको निःशुल्क उपचार सेवा, नियमित खोष सुदृढीकरण, विद्यालय केन्द्रित खोप अभियान, सरसफाइ प्रवर्द्धन, खोपबाट बचाउन सकिने रोगहरूको खोजपड्ताल तथा निगरानी, पूर्ण खोप सुनिश्चित र दिगोपना जस्ता परिवार कल्याण कार्यक्रम तथा सेवाहरू सञ्चालन गरिनेछन् ।

९. गरिब तथा अशक्त नागरिकहरूलाई स्वास्थ्य उपचारमा दिँदै आएको **"आर्थिक सहायता कार्यक्रम"** लाई निरन्तरता दिइनेछ ।

१०. आङ खसेका महिलाहरूको यथार्थ विवरण सङ्कलन गरी निःशुल्क रूपमा शल्यक्रियाको प्रबन्ध मिलाइनेछ ।

११. **"घर दैलोमा स्वास्थ्य सेवा"** भन्ने नाराका साथ जेष्ठ नागरिक, अपाङ्गता भएका, गर्भवती महिला र बालबालिकाहरूलाई टोलमै पुगेर स्वास्थ्य जाँच तथा औषधि उपचारको व्यवस्था मिलाइनेछ ।

१२. क्षयरोग नियन्त्रण सम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ ।

१३. स्वैच्छिक सुरक्षित गर्भपतन सेवालाई थप प्रभावकारी बनाउँदै आधारभूत अस्पताल लगायतका अन्य स्वास्थ्य संस्थाहरूमा सञ्चालनमा रहेका सुरक्षित गर्भपतन सेवालाई निरन्तरता दिइनेछ ।।

१४. गाउँपालिकाको आधारभूत अस्पताल भित्र सञ्चालित फार्मेसी सेवालाई प्रभावकारी रूपमा सञ्चालन गर्न आवश्यक व्यवस्था मिलाइनेछ ।

१५. धुवा जन्य रोग तथा धुवाको कारण आउने स्वास्थ्य समस्यालाई न्यूनीकरण गर्न एक घर एक छुट्टै भान्सा तथा सुधारिएको चुलो निर्माण गर्न प्रोत्साहित गरिनेछ ।

१६. गाउँपालिका भित्र स्वास्थ्य संस्थामा सञ्चालित प्रयोगशालाहरूको सेवालाई थप व्यवस्थित र प्रभावकारी बनाइनेछ ।

१७. आगामी आर्थिक वर्ष भित्र कार्यसम्पादनका आधारमा उत्कृष्ट स्वास्थ्यकर्मी छनौट गरी पुरस्कृत गर्ने व्यवस्था मिलाइनेछ ।

१८. मद्यपान तथा सुर्तिजन्य पदार्थ सेवनको कुलतबाट नागरिकहरूलाई मुक्त गर्न प्रभावकारी रूपमा नागरिक सचेतना कार्यक्रम सञ्चालन गरिनेछ ।

१९. खोप भण्डारणको दिगो व्यवस्थापन गर्न आधारभूत अस्पतालमा खोप चिस्यान केन्द्र स्थापना गरिनेछ ।

२०. किशोर किशोरी मैत्री स्वास्थ्य सेवा सञ्चालन निर्देशिका, २०७९ लाई कार्यान्वयन गर्न स्वास्थ्य संस्थाहरूमा आवश्यक मापदण्ड पूरा गरिनेछ ।

२१. गाउँपालिकाको जनस्वास्थ्य ऐन निर्माण गरी आगामी आर्थिक वर्षबाट कार्यान्वयनमा ल्याइनेछ ।

२२. नेपाल सरकारको सम्बन्धित निकाय वा स्वास्थ्य संस्थाद्वारा प्रमाणित भई आएका गरिब असहाय तथा दीर्घरोगका बिरामीहरूलाई आर्थिक सहयोग उपलब्ध गरिनेछ ।

२३. आयुर्वेद सेवा कार्यक्रम अन्तर्गत नागरिक आरोग्य सेवा केन्द्र सञ्चालन गरिनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

अध्यक्ष
नौगाड गाउँपालिका

२४. मृगौला प्रत्यारोपण गरेका, डायलाइसिस गराइरहेका, क्यान्सर रोगी र मेरूदण्ड पक्षाघात भएका बिरामीहरूलाई औषधि उपचार खर्च बापत मासिक पाँच हजार रूपैयाँ उपलब्ध गराउने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

२५. स्थानीय अस्पतालमा उपचार हुन नसकी प्रेषण गरिएका जेष्ठ नागरिक र गर्भवती महिलाहरूलाई निःशुल्क एम्बुलेन्स सेवा प्रदान गरिनेछ ।

२६. समुदाय स्तरमा नसर्ने रोग सम्बन्धी स्क्रिनिङ तथा जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ

२७. सुनौला हजार दिनका विपन्न दलित महिलाहरूको स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार ल्याउन **"सुत्केरी स्याहार कोसेली तथा पोषण कार्यक्रम"** सञ्चालन गरिनेछ ।

२८. **"म स्वस्थ, मेरो समुदाय स्वस्थ"** घरटोलमा स्वास्थ्य प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ ।

२९. मानसिक स्वास्थ्य प्रवर्द्धन तथा आत्महत्या रोकथाम सम्बन्धी जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।

**(ग) खानेपानी तथा सरसफाइ सम्बन्धी नीति;**

१. सबै जनतालाई आधारभूत स्तरको खानेपानी सुविधा उपलब्ध गराउने तथा दिगो विकास लक्ष्य नं ६ बमोजिम सन् २०३० भित्र कुल जनसंख्याको ५० प्रतिशतलाई सुधारिएको खानेपानी सुविधा उपलब्ध गराउने लक्ष्य पूरा गर्न खानेपानी सरसफाइ तथा स्वच्छता क्षेत्रको योजना तर्जुमा, विद्यमान खानेपानी योजनाहरूको सञ्चालन, मर्मत सम्भार, व्यवस्थापन र हालसम्म सो सुविधा पुग्न नसकेको क्षेत्रको पहिचान गरी समतामूलक तथा सहभागितात्मक पद्धति अवलम्बन गरी समन्वयात्मक र पारदर्शी रूपमा सेवा प्रदान गर्न गाउँपालिकामा स्थापना भएको खानेपानी, सरसफाइ स्वच्छता (वास) व्यवस्थापन बोर्ड र सो मातहत रहेका खानेपानी सरसफाइ तथा स्वच्छता इकाइ (वास युनिट) मार्फत नयाँ योजना निर्माण तथा विद्यमान योजनाहरूको मर्मत सम्भार गर्ने व्यवस्था मिलाइनेछ ।

२. गाउँपालिकाले तयार पारेको सरसफाइ योजनालाई समीक्षा तथा अद्यावधिक गर्दै विद्यमान सबै खाले खानेपानी, सिँचाई लगायतका जलस्रोतसँग सम्बन्धित योजनाहरूको सञ्चालन तथा व्यवस्थापकीय अवस्था अद्यावधिक गरी सबै समितिहरूलाई गाउँपालिकाको जलस्रोत नियमावली बमोजिम दर्ता एवम् अद्यावधिक र नवीकरण गर्ने व्यवस्था मिलाई गाउँपालिका स्तरमा सो क्षेत्रको सूचना व्यवस्थापन प्रणालीलाई थप व्यवस्थित गरिनेछ ।

३. ग्रामीण जलस्रोत व्यवस्थापन परियोजनाको सफल कार्यान्वयन पश्चात वास युनिटको अनुभव र गाउँपालिकाको सक्रिय भूमिकाका कारण गाउँपालिकाले जल तथा सरसफाइ क्षेत्रमा दिगो उपलब्धि हासिल गरेको छ । चालु आर्थिक वर्षदेखि **जलवायु परिवर्तन स्थानीय अनुकूलन परियोजना (LACCP)** सुरू गरिएको छ, जुन फिनल्याण्ड सरकार, युरोपियन युनियन, नेपाल सरकार र स्थानीय तह को साझेदारीमा कार्यान्वयनमा ल्याइएको हो । उक्त परियोजनाको माध्यमबाट आगामी आर्थिक वर्षमा गाउँपालिका भित्र निम्न क्षेत्रहरूमा विभिन्न बहु-आयामिक कार्यक्रमहरू सञ्चालन गरिनेछन्:

प्रमुख प्रशासकीय अधिकृत

अध्यक्ष
नौगाड गाउँपालिका

- जलवायु अनुकूलन मैत्री खानेपानी तथा सरसफाइ सेवा विस्तार
- बहुउपयोगी प्रणाली, सिंचाइ तथा कृषिसंग सम्बन्धित योजनाहरू
- वनजंगल संरक्षण तथा व्यवस्थापन र विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन
- स्थानीय आयआर्जन अभिवृद्धि सम्बन्धी क्रियाकलापहरू
- लैङ्गिक समानता, अपाङ्गता समावेशीकरण तथा सुशासन प्रवर्द्धन

४. नेपाल सरकारको पूर्ण सरसफाइ निर्देशिका, २०७५ र गाउँपालिकाको पूर्ण सरसफाइ कार्यविधि, २०७८ बमोजिम गाउँपालिकाका वस्तिहरूलाई क्रमशः पूर्ण सरसफाइ युक्त टोल घोषणा गर्दै गाउँपालिकालाई पूर्ण सरसफाइ युक्त घोषणा गर्ने लक्ष्य बमोजिम गाउँपालिका भित्रका समुदायलाई पूर्ण सरसफाइ उन्मुख तथा विद्यालयहरूलाई तीन तारा पद्धतिमा विकास गर्न एवम् कोभिड १९ जस्ता महामारी र पानी जन्य रोगहरूबाट बच्न वडा तथा समुदायस्तरमा पूर्ण सरसफाइ अभियान सञ्चालन गरिनेछ । विभिन्न पानीजन्य रोगहरूबाट उत्पन्न हुन सक्ने महामारीहरूबाट सुरक्षित रहन स्रोत एवम् घरायसी स्तरमा पानीको गुणस्तर परीक्षणको व्यवस्था मिलाइनेछ ।

५. विद्यालय खानेपानी सरसफाइ तथा पोषण, खानेपानी सरसफाइ स्वच्छता, मर्यादित महिनावारी व्यवस्थापन, घरबारी व्यवस्थापन तथा व्यावसायिक जीविकोपार्जन प्रवर्द्धन कार्यको लागि स्थानीय स्तरमा प्राविधिक स्रोत व्यक्ति उत्पादन तथा परिचालन गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

६. जलवायु परिवर्तनको प्रत्यक्ष प्रभाव स्वरूप गाउँपालिका भित्र पानीका प्राकृतिक स्रोतहरू क्रमशः सुक्दै गएका छन्। यस्तो अवस्थामा, दिगो खानेपानी सेवा प्रवाह र जलस्रोत संरक्षण अपरिहार्य बनिरहेको छ। यस सन्दर्भमा नौगाड गाउँपालिकाले आवश्यक नीतिहरू अवलम्बन गर्नेछ ।

७. जलस्रोतको संरक्षण तथा पुनः भरणको लागि पुनर्भरण पोखरी, इनफिल्ट्रेशन ट्रेन्च, सिमसार सुधार लगायतका संरचना निर्माण गरिनेछ । यसका लागि सरोकारवाला निकायहरूसँग सहकार्य गर्दै समन्वित कार्यक्रम सञ्चालन गरिनेछ।

८. **"एक घर एक धारा"** नीतिलाई निरन्तरता दिंदै जलवायु परिवर्तन स्थानीय अनुकूलन परियोजना (LACCP) संगको साझेदारीमा थप खानेपानी तथा बहुउपयोगी योजनाहरू निर्माण गरिनेछ । यसले घर-घरमा सुरक्षित पानी आपूर्ति सुनिश्चित गर्नुका साथै सिँचाइ, सरसफाइ र अन्य प्रयोजनमा पनि योगदान पुऱ्याउनेछ।

९. प्रभावकारी नदेखिएका तथा बन्द अवस्थामा रहेका खानेपानी योजनाहरूको पुनः मूल्याङ्कन, सुधार र पुनः सञ्चालन गरिनेछ।

१०. खानेपानी तथा सरसफाइ योजनाहरूको निरन्तरता, गुणस्तर र मर्मत सुनिश्चित गर्न पालिका स्तरमा उपभोक्ता समितिहरूको क्षमता अभिवृद्धि, नियमित अनुगमन संयन्त्रको विकास तथा आवश्यक बजेट व्यवस्थापन गरिनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

अध्यक्ष
नौगाड गाउँपालिका

११. गाउँपालिकाको समग्र वास योजना, स्थानीय अनुकूलन कार्ययोजना तथा एकीकृत जलस्रोत व्यवस्थापन योजना सरोकारवाला निकायहरूसँग सहकार्यमा तयार गरिनेछ र सोही आधारमा कार्यक्रमहरू कार्यान्वयन गरिनेछन् ।

१२. मार्मा गाउँपालिका वडा नं. ६ र नौगाड गाउँपालिका वडा नं. ४ को सिमाना क्षेत्रका खानेपानी, सिँचाई, कृषि-वन लगायतका समस्या समाधान गर्न साझेदार निकायहरूसँगको समन्वयमा अध्ययन गरिने छ साथै सम्भाव्य कार्यक्रमहरू दुबै गाउँपालिकाको साझेदारीमा सञ्चालनमा ल्याईनेछन्।

**(घ) लैंगिक समानता र समावेशीकरण सम्बन्धी नीति**

१. गाउँपालिका क्षेत्रभित्र स्थायी बसोबास भएका असहाय टुहुरा बालबालिकाहरूलाई विद्यालय शिक्षा हासिल गर्दा सम्म निश्चित आर्थिक सहयोग गरिनेछ ।

२. गाउँपालिका भित्रका हरेक सरकारी र अन्य सार्वजनिक सेवा प्रवाह गर्ने कार्यालयहरूमा लैङ्गिक र अपाङ्गमैत्री शौचालय निर्माणमा सहयोग गरिनेछ ।

३. गाउँपालिका भित्र रहेका 'क' वर्गका अपाङ्गता भएका घरपरिवारलाई अपाङ्गमैत्री शौचालय र खानेपानी व्यवस्था गर्न विशेष सहयोग कार्यक्रम सञ्चालन गरिनेछ ।

४. महिला, अपाङ्ग, बालबालिका, ज्येष्ठ नागरिक, दलित, जनजाति लगायत लक्षित वर्गलाई सशक्तिकरण गर्न सचेतना कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

५. मानव बेचविखन, घरेलु हिंसा, छाउपडी, जातीय भेदभाव तथा छुवाछुत जस्ता सामाजिक कुरीति, कु-संस्कार र अन्धविश्वासलाई अन्त्य गर्न जनचेतनामूलक कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गरिनेछ।

६. गाउँपालिकामा भौतिक संरचना र भवन निर्माण गर्दा अपाङ्ग र बालबालिका मैत्री तथा भुकम्प प्रतिरोधी हुने गरी गरिनेछ ।

७. सबै खालका बाल श्रम उन्मूलन गर्न शून्य बालश्रमको नीति अङ्गीकार गरी प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ ।

८. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणलाई प्रवर्द्धन गर्न महिला, बालबालिका, दलित, आदिवासी जनजाति, युवा, जेष्ठ नागरिक, एकल महिला, एकल पुरूष, असहाय, अनाथ, वृद्धवृद्धा र अपाङ्गता भएका, शहीद परिवार, द्वन्द्व पीडित, घाइते तथा बेपत्ता परिवारका व्यक्तिहरूको सशक्तिकरण र मूलप्रवाहीकरण गर्न सरोकारवाला निकायसँगको साझेदारी र सहकार्यमा आर्थिक तथा क्षमता विकासका कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

९. महिला तथा किशोरीहरूको आत्मसम्मानको रक्षा गर्दै सुरक्षित र स्वच्छ तरिकाले बाँच्न पाउने अधिकारको सुनिश्चितता र महिनावारी भएको समयमा अपनाइने विभिन्न हानिकारक अभ्यासहरूको निराकरण गरी महिला र किशोरीहरूको आत्मसम्मानको रक्षा गर्न विभिन्न सम्मेलनले पारित गरेको

मर्यादित महिनावारी स्वच्छता व्यवस्थापनको घोषणा पत्र कार्यान्वयनको लागि आवश्यक व्यवस्था मिलाइनेछ ।

१०. बालबालिकाको हक अधिकार सुनिश्चित गर्दै आधारभूत स्वास्थ्य, शिक्षा र पोषणमा सबैको पहुँच अभिवृद्धि गरिनेछ । हिंसामा परेका, विशेष संरक्षणको आवश्यकता रहेका तथा अनाथ बालबालिकाहरूको संरक्षणका लागि नेपाल सरकार र प्रदेश सरकारसँग समन्वय र सहकार्य गरी व्यवस्थापन गरिनेछ ।

११. महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा यौनिक अल्पसङ्ख्यकको अधिकार संरक्षण, हित संरक्षण र कल्याणकारी कार्यक्रम सञ्चालन गर्न नेपाल सरकार र प्रदेश सरकारसँग आवश्यक समन्वय र सहकार्य गरिनेछ ।

१२. महिला, बालबालिका तथा हिंसा पीडित व्यक्तिहरूको उद्धार तथा सहजीकरण गर्ने संघसंस्थाहरूलाई आवश्यक सहयोग गरिनेछ ।

१३. पछाडी पारिएका वर्ग, जाति तथा लिङ्गको उत्थानका लागि लक्षित कार्यक्रम सञ्चालन गरिनेछ ।

१४. गाउँपालिका अन्तर्गत निर्माण गरिने श्रम सहकारी लगायत समुदाय, वडा स्तरमा गठन गरिने विभिन्न समितिहरूमा महिला, दलितको समानुपातिक प्रतिनिधित्व अनिवार्य गरिनेछ ।

१५. गाउँपालिका भित्रका 'ग' र 'घ' वर्गका अपाङ्गता भएका व्यक्तिहरूलाई आर्थिक रूपमा टेवा पुऱ्याउने कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

१६. हिंसा पीडित महिलाहरूका लागि सुरक्षित आवास गृह सञ्चालन गरिनेछ ।

१७. गाउँपालिका र मातहतका वडा कार्यालयहरूमा स्तनपान कक्षको स्थापना गरिनेछ ।

१८. ६० वर्ष देखि ७० वर्ष उमेर समूहका एकल पुरूष र ५५ देखि ६० वर्ष उमेर समूहका दलित समुदायका एकल पुरुषहरूलाई आर्थिक वर्ष २०७९।८० बाट दिइँदै आएको एकल पुरुष भत्तालाई निरन्तरता दिइनेछ ।

१९. ३५ वर्ष भन्दा माथिका कुनै पनि सामाजिक सुरक्षा भत्ता नपाउने एकल महिला (अविवाहित, अदालतबाट सम्बन्ध विच्छेद भई अर्को विवाह नगरी छुट्टै बसेका) लाई आर्थिक वर्ष २०७९।८० बाट दिइँदै आएको एकल महिला भत्तालाई निरन्तरता दिइनेछ ।

२०. आगामी आर्थिक वर्षमा गाउँपालिकालाई बाल विवाह मुक्त घोषणा गर्न आवश्यक प्रक्रिया पूरा गरिनेछ ।

## ३. भौतिक पूर्वाधार विकास सम्बन्धी नीतिहरू:

### (क) स्थानीय सडक, यातायात तथा पुल सम्बन्धी नीतिः

१. गाउँपालिकाका सबै वडा केन्द्र र दुर्गम वस्ति सम्म ग्रामीण सडक निर्माणका लागि संघ तथा प्रदेश सरकारसँग आवश्यक समन्वय र पहल गरिनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

अध्यक्ष
नौगाड गाउँपालिका

२. होपरीगाड सिप्टी सडकको नौगाड नदिमा मोटरेबल पुल निर्माणका लागि संघ र प्रदेश सरकारसँग आवश्यक पहल गरिनेछ ।

३. सडक निर्माण गर्दा वातावरणीय प्रभाव मूल्याङ्कन गरिनेछ साथै हरेक सडकलाई हरित सडकको रूपमा विकास गरिनेछ ।

४. विगतमा शुरू भएका ग्रामीण सडकको निर्माण कार्य अगाडी बढाउँदै थप दुर्गम बस्तीलाई सडक पहुँचमा जोड्न नयाँ सडक निमार्ण आयोजना सञ्चालन गरिनेछ ।

५. दल्लेख नागु सिना सडक र होपरी-सितोला सडकको काम अगाडि बढाउन संघ र प्रदेश सरकारसँग आवश्यक पहल गरिनेछ ।

६. प्रत्येक वडा केन्द्रबाट गाउँपालिका केन्द्र सम्म र हरेक टोल वस्तिबाट वडा केन्द्र सम्म जोडन स्तरीय सडक तथा बाटोघाटोको निर्माण गरिनेछ ।

७. हरेक बस्तीबाट विद्यालय, स्वास्थ्य संस्था, सांस्कृतिक केन्द्र आदि स्थानलाई जोडने बाटो निर्माण तथा मर्मत गरिनेछ ।

८. गाउँपालिकाको विभिन्न स्थानमा झोलुङ्गे पुल निर्माण गरी जनतालाई आवत जावतमा सहज गर्न झोलुङ्गे पुल कार्यक्रमलाई निरन्तरता दिइनेछ।

९. होपरीगाड - सिप्टी सडकलाई स्तरोन्नती गर्न प्रदेश सरकारसँग समन्वय गरिनेछ ।

१०. वडा नं. १ इयरकोटलाई आगामी आ.व. २०८२।८३ भित्र सडक सञ्जालले जोडिनेछ ।

११. वर्षातको समयमा बन्द हुने कच्ची सडकहरूलाई मर्मत सम्भार गरी सञ्चालनमा ल्याउन आवश्यक प्रबन्ध मिलाइनेछ ।

**(ख) जलस्रोत, सिँचाई तथा ऊर्जा सम्बन्धी नीतिः**

१. लघुजलविद्युत आयोजनाको असल व्यवस्थापनका लागि संस्थागत विकास तथा क्षमता विकासमा सहयोग गर्ने नीति अवलम्बन गरिनेछ ।

२. गाउँपालिका भित्र सञ्चालित लघु जलविद्युत् आयोजनाहरूको दिगो व्यवस्थापन तथा सञ्चालन गर्न उपभोक्ता समितिलाई सक्रिय बनाई स्थानीय ग्रिड निर्माण गरी राष्ट्रिय प्रसारण लाइनमा जोड्न आवश्यक प्रक्रियाको थालनी गरिनेछ ।

३. गाउँपालिका भित्र साना तथा मोटर लिफ्ट सिँचाई प्रवर्द्धन कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

४. वैकल्पिक ऊर्जा, सौर्य ऊर्जा, गोबरग्याँस, वायु ऊर्जा सञ्चालनका लागि आवश्यक पूर्वाधार निर्माण गरी गाउँपालिकालाई प्रदूषण मुक्त र विद्युत् चूलो प्रयोगमा जोड दिइनेछ ।

५. नेपाल विद्युत प्राधिकरणको प्रसारण लाइन सबै बस्तीमा पुऱ्याउन र छुट भएका भनिएका घरधुरीमा विद्युत सेवा पुऱ्याउन आवश्यक पहल गरिनेछ ।

६. गरिबीको रेखा मुनी रहेका एकल महिला, दलित, पिछडिएका समुदायका परिवार टुहुरा अपाङ्ग असक्त घर परिवारलाई विद्युत् महसुलमा पूर्ण वा आंशिक छुटको व्यवस्था गरिनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

अध्यक्ष
नौगाड गाउँपालिका

७. गाउँपालिकाको सम्पूर्ण नदी तथा खोलाहरूमा उपलब्ध हुने पानीलाई सदुपयोग गर्न अल्पकालीन तथा दीर्घकालीन जल उपयोग गुरूयोजना निर्माण गरी कार्यान्वयन गरिनेछ ।

८. संघीय र प्रदेश सरकारको सहयोगमा गाउँपालिका भित्र खेती योग्य जमिनको उत्पादनलाई वृद्धि गर्न सिँचाई योजना सञ्चालन गरिनेछ ।

**(ग) भवन तथा शहरी विकास सम्बन्धी नीतिः**

१. भवन निर्माण आचारसंहिता, २०७२ को परिधि भित्र रही गाउँपालिकाको भवन आचारसंहिता तर्जुमा गरी पुराना भवनहरूको अभिलेखिकरण गरी नयाँ बन्ने भवनहरू अनिवार्य रूपमा नक्सापास गरी निर्माण गर्ने कार्य अनिवार्य गरिनेछ।

२. गाउँपालिकाको नव निर्मित प्रशासकीय भवनलाई थप व्यवस्थित गरिनेछ ।

३. जनप्रतिनिधि र कर्मचारीहरूको आवास भवनलाई मर्मत सम्भार गरी व्यवस्थित गरिनेछ ।

**(घ) सूचना प्रविधि तथा संचार सम्बन्धी नीतिः**

१. सञ्चार सेवाबाट वञ्चित रहेका नौगाड गाउँपालिकाको टोल वस्तिहरूमा संचार सेवा विस्तार गर्दै आगामी वर्ष भित्र सम्पूर्ण कार्यालय तथा सामुदायिक विद्यालयहरूमा गुणस्तरीय टेलिफोन, इन्टरनेट सेवा चौबीसै घण्टा उपलब्ध गराउन आवश्यक उपकरण खरीद तथा पूर्वाधार निर्माण गर्न नेपाल दूरसञ्चार प्राधिकरण अन्तर्गत रहेको ग्रामीण दूरसञ्चार कोष, लगायत अन्य सरोकारवाला निकायहरूसँग आवश्यक समन्वय र सहकार्य गरिनेछ ।

२. जनतालाई सूचनाको हकको प्रत्याभूति दिन तथा सूचना सम्प्रेषणमा सहजता ल्याउन गाउँपालिका क्षेत्रमा स्थानीय एफ. एम. रेडियो स्थापना र सञ्चालनका लागि आवश्यक सहयोग गरिन्छ ।

३. सूचना तथा सञ्चार प्रविधिमा आधारित स्थानीय तह एकिकृत वस्तुस्थिति विवरण तयार गरिनेछ ।

४. सूचना प्रविधि मैत्री स्थानीय तह निर्माणमा जोड दिइनेछ ।

५. विद्युतीय शासन स्थापनाका लागि गाउँपालिका तथा अन्तर्गतका कार्यालयहरूमा आवश्यक सूचना प्रविधिको प्रयोग गरिनेछ ।

६. सूचना प्रविधिको उच्चतम प्रयोग गरी प्रविधिमैत्री गाउँपालिका बनाउन आवश्यक पूर्वाधार निर्माण गरिनेछ ।

**४. वन, वातावरण संरक्षण तथा विपद् व्यवस्थापन सम्बन्धी नीतिः**

**(क) फोहोर व्यवस्थापन तथा प्रदूषण नियन्त्रणः**

१. प्रत्येक घरबाट उत्सर्जित हुने जैविक फोहोरलाई कम्पोस्ट मल बनाई स्व-व्यवस्थापन गर्न अभिप्रेरित गरिनेछ।

२. वातावरणमा नकारात्मक असर पार्ने खालका प्लास्टिक जन्य सामानहरूको प्रयोगलाई न्यूनीकरण गरिनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

अध्यक्ष
नौगाड गाउँपालिका

३. गाउँपालिका भरी हरेक टोल वस्तिहरूमा फोहोर विसर्जन तथा व्यवस्थापन गर्न उचित संयन्त्र निर्माण गरी र फोहोर गर्नेले व्यवस्थापन गर्नु पर्ने नीति लागू गरिनेछ ।

४. हरेक घरपरिवारमा शौचालय र स्नान घरको निर्माण गर्न प्रोत्साहित गरिनेछ ।

५. एक घर एक कुहिने खाडल र फोहोर जलाउने इन्सिनेरेटरको निर्माण गरिनेछ ।

६. विगतमा गाउँपालिका र ग्रामीण जलस्रोत व्यवस्थापन परियोजनाले सञ्चालनमा ल्याएका फोहोर व्यवस्थापन तथा सरसफाइ सम्बन्धी कार्यक्रमहरूलाई निरन्तरता दिइनेछ ।

७. गाउँपालिका र अन्तर्गतका कार्यालयहरूलाई प्लाष्टिकजन्य वस्तु निषेधित क्षेत्र घोषणा गरिनेछ ।

**(ख) हरियाली प्रवर्द्धन**

१. **"हरियो वन संरक्षण र स्याहार, समृद्धिको एक आधार"** भन्ने नारालाई साकार पार्न वृक्षारोपण कार्यक्रमलाई प्रोत्साहन गरिनेछ ।

२. गाउँपालिका भरी छरिएर रहेका सामुदायिक वनलाई संरक्षण र सम्वर्द्धन गरी **"हरियाली नौगाड"** को आकाङ्क्षालाई साकार पार्न हरेक वर्ष असार महिनामा वृक्षारोपण सप्ताह आयोजना गरिनेछ ।

३. सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार विक्री तथा उपभोग सम्बन्धी आफ्नो वार्षिक कार्यक्रम बनाई स्थानीय तहबाट स्वीकृत गराउने र वन पैदावार बिक्री बाफत्को १० प्रतिशत रकम स्थानीय तहको सञ्चित कोषमा जम्मा गर्नु पर्ने व्यवस्थालाई कार्यान्वयनमा ल्याइनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

अध्यक्ष
नौगाड गाउँपालिका

## (ग) जलवायु परिवर्तन स्थानीय अनुकूलनः

१. वातावरण तथा जलवायुमैत्री प्रविधियुक्त पूर्वाधारको विकासमा जोड दिइनेछ । वन क्षेत्रको वैज्ञानिक एवम् दिगो व्यवस्थापन गरी आर्थिक रूपले महत्वपूर्ण वनस्पति तथा जडीबुटीको संरक्षण, सम्बर्द्धन र प्रशोधनमा सामुदायिक वन उपभोक्ता महासँग नेपाल लगायतका निजी तथा सामुदायिक संस्थालाई सहभागी बनाइनेछ।

२. गाउँपालिकाबाट सञ्चालन गरिने योजनाहरूको दिगोपना, गुणस्तर र पारदर्शिताका लागि योजना सञ्चालन पूर्व र पश्चात् क्षमता विकास तालिम सञ्चालन गर्न र वातावरणीय दिगोपनालाई ध्यानमा राख्दै गाउँपालिका भित्र निर्माण हुने पूर्वाधार अन्तर्गत सडक, खानेपानी तथा अन्य योजनाहरू निर्माण गर्दा जलवायु अनुकूलन सम्बन्धी कार्यक्रमलाई जोडिनेछ ।

३. पहिरो नियन्त्रण, विपद् व्यवस्थापन एवं जलवायु परिवर्तनको असरलाई न्यूनीकरण गर्दै LACC (लक) परियोजना संग जोड्दै जलवायु अनुकूल विकास निर्माण गर्ने कार्य कार्यान्वयनमा ल्याइनेछ।

४. यस गाउँपालिकाको विपद् पूर्व तयारी तथा प्रतिकार्यका लागि सञ्चालित आकस्मिक कार्य सञ्चालन तथा पूर्व सूचना प्रणाली स्थापनाका लागि सम्बन्धित निकाय तथा संघ-संस्थासँग आवश्यक समन्वय तथा साझेदारी गरिनेछ। साथै, छिमेकी पालिकाहरू सँग समन्वय र साझेदारी क्रियाकलापहरू पनि सञ्चालन गरिनेछन्।

५. गाउँपालिकाको पहिरो जोखिम क्षेत्रहरूमा बायो-इन्जिनियरिङ्ग प्रविधि र वृक्षारोपण सहित जोखिम न्यूनीकरण कार्यक्रमहरू सञ्चालन गरिनेछन् ।

६. गाउँपालिका भित्रका सडकहरूका छेउछाउमा माटो अड्याउने, आयआर्जन र बहुउद्देश्यीय बिरूवा वृक्षारोपण गर्न विभिन्न संघ-संस्था/ निकायहरूको साझेदारीमा कार्यक्रमहरू सञ्चालन गरिने नीति लिइएको छ ।

७. जलवायु परिवर्तन स्थानीय अनुकूलन परियोजना (LACC) मार्फत सामुदायिक, कबुलियती वन तथा निजी जग्गामा आम्दानी हुने खालका जडीबुटीजन्य, बास्नादार तथा अन्य फलफूलका बिरुवाहरू वृक्षारोपण तथा पूर्वाधार निर्माण गरि स्थानीय जनताको आम्दानी वृद्धि सहित रोजगारी सिर्जना गरिने नीति लिइएको छ ।

८. गाउँपालिकाका विभिन्न क्षेत्रमा वृक्षारोपणका लागि आवश्यक बिरूवा उत्पादन गर्न बहुउद्देश्यीय नर्सरी स्थापना गरिनेछ।

९. सामुदायिक तथा कबुलियती वनको कार्ययोजना नवीकरण गरी, सो वनमा संरक्षण, संवर्द्धन तथा सदुपयोग सम्बन्धी क्रियाकलापहरू साझेदार संस्थासँगको सहकार्यमा सञ्चालन गरिनेछ ।

१०. जैविक विविधता संरक्षण तथा पारस्थितिक प्रणाली सुधारका निमित्त सामुदायिक तथा अन्य वन क्षेत्रहरूमा विविध संरक्षण क्रियाकलापहरू सञ्चालन गरिने छन् ।

प्रमुख प्रशासकीय अधिकृत

अध्यक्ष
नौगाड गाउँपालिका

११. गैर-काष्ठ वन पैदावारहरूको दिगो संकलन, प्रशोधन तथा वितरणका लागि कार्यक्रमहरू सञ्चालन गरिने छन् ।

१२. चरिचरन नियन्त्रण तथा प्राकृतिक पुनः उत्पादन र संरक्षणका निमित्त कार्यक्रमहरू सञ्चालन गरिनेछन् ।

१३. अपिनाम्पा संरक्षण क्षेत्र तथा सामुदायिक वन उपभोक्ता समितिहरूसँग सहकार्य गरी वन विनाश कार्यको रोकथाम गरिनेछ ।

१४. वनमा आगो लाग्ने घटना तथा भीर पाखामा फैलिने डढेलोबाट हुने जनधनको क्षति तथा वातावरणीय प्रदूषण न्यूनीकरण गर्न सूचना, शिक्षा तथा सञ्चार सामग्री विकास गरिनुका साथै सम्बन्धित सरोकारवालासँगको समन्वयमा वन डढेलो नियन्त्रण कार्यक्रम सञ्चालन गरिनेछ ।

**(घ) विपद् व्यवस्थापनः**

१. बाढी पहिरो तथा भू-क्षयको उच्च जोखिममा रहेका विभिन्न स्थानहरूमा जोखिम आँकलन गरी भू-क्षय तथा बाढी पहिरो नियन्त्रण गर्न बाँस, निगालो, अम्रिसो, भेटिभर जस्ता बिरुवा रोपण गरी जैविक पद्धति मार्फत जोखिम न्यूनिकरण गर्दै लगिनेछ ।

२. वन क्षेत्र, जलक्षेत्र र सिमसार क्षेत्रलाई संरक्षण गर्न विशेष किसिमको कार्यक्रमहरू तर्जुमा लगायत प्राकृतिक एवम् मानवीय सङ्कट र प्रकोपबाट पूर्व सुरक्षा व्यवस्थापन र राहतलाई वैज्ञानिक रूपमा सञ्चालन गर्न संरचनागत व्यवस्था गरिनेछ ।

३. गाउँपालिकाको ६ वटै वडाहरूमा नौगाड नदी किनाराका क्षेत्र तथा वस्तिहरूमा वर्षेनि बाढी पहिरोका कारण भौतिक संरचना र आम नागरिकहरूका घरजग्गा तथा सम्पत्तिको क्षति न्यूनिकरण गर्न नौगाड नदी र शाखा खोला किनारामा पक्की तटबन्ध निर्माणका लागि आवश्यक पहल गरिनेछ ।

४. अविरल वर्षा, बाढी, पहिरो, खडेरी, आगलागी, भूकम्प लगायतका प्राकृतिक, तथा मानवजन्य प्रकोपको तत्काल सम्बोधन गर्न सक्ने गरी विपद् पूर्व तयारी, पूर्व सूचना, प्रतिकार्य, पुनः निर्माण र पुनः स्थापना कार्यक्रमलाई सुदृढ बनाइनेछ र राहत वितरणमा एकद्वार प्रणाली अपनाइनेछ ।

५. आकस्मिक तथा आपत्कालिन हवाई सेवा सञ्चालनका लागि प्रत्येक वडामा एउटा हेलीप्याड निर्माण गर्न **"एक वडा, एक हेलिप्याड"** कार्यक्रम सञ्चालन गरिनेछ ।

६. नौगाड नदीमा बाढी तथा मनसुन पूर्व सूचना प्रणाली (Early Warning System- EWS) स्थापना गरी नागरिकहरूलाई बाढीको जोखिमबाट बच्न पूर्व तयारीका लागि सक्षम बनाइनेछ ।

७. विपद् व्यवस्थापनका लागि गाउँपालिकाको विपद् पूर्व तयारी प्रतिकार्य योजना तयार गरी कार्यान्वयनमा ल्याइनेछ ।

८. विगतमा विपद् प्रभावित भई लाभग्राही सूचीमा रहेका परिवारलाई पुनर्निर्माण र पुनः स्थापना कार्यलाई सम्पन्न गरिनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

अध्यक्ष
नौगाड गाउँपालिका

## ५. संस्थागत विकास, वित्तीय व्यवस्था र सुशासन क्षेत्र सम्बन्धी नीतिः

### (क) संस्थागत विकास तथा सुशासनः

१. सेवा प्रवाहमा सहजता ल्याउन गाउँ कार्यपालिकाको कार्यालय तथा वडा कार्यालयहरूमा सूचना प्रविधि जडान गरिनेछ ।

२. हरेक सेवा प्रदायक कार्यालय र विद्यालयहरूमा गुनासो सुनुवाइ गर्ने व्यवस्थालाई प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ । साथै गुनासो सुनुवाइ तथा व्यवस्थापन कार्यविधिलाई कार्यान्वयनमा ल्याई गुनासो राख्न सञ्चालनमा आएको निःशुल्क टोल फ्री नम्बरको प्रयोगलाई व्यवस्थित गरिनेछ ।

३. प्रधानमन्त्री रोजगार कार्यक्रममा बेरोजगारहरूको तथ्याङ्क सङ्कलन, सिफारिस तथा छनौट प्रक्रियालाई वस्तुनिष्ठ बनाइनेछ ।

४. रोजगार सेवा केन्द्रबाट सूचीकृत बेरोजगार श्रमिक र गाउँपालिकाबाट निर्माण सामग्री उपलब्ध गराई संयुक्त रूपमा दिगो र गुणस्तरीय श्रममूलक आयोजनाहरू छनौट गरी सञ्चालन गरिनेछ ।

५. सामाजिक सङ्घ संस्थालाई पारदर्शिता र सामाजिक उत्तरदायित्व सुनिश्चित गर्दै दुर्गम, लक्षित वर्ग एवं आवश्यकता र प्राथमिकताका क्षेत्रमा परिचालन गर्न निर्देशित र प्रोत्साहित गरिनेछ । सरकारी तथा राष्ट्रिय गैरसरकारी संस्थाहरूबाट सञ्चालित कार्यक्रमहरूको प्रभावकारी अनुगमन तथा मूल्याङ्कन गरिनेछ ।

६. श्रम सहकारीहरूको क्षमता अभिवृद्धि गर्न अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ ।

७. सुदूरपश्चिम प्रदेश सरकारको स्थानीय सेवा ऐन र नियमावलीलाई कार्यान्वयन गर्न O & M स्वीकृत गराइ कार्यान्वयन गराइने छ ।

८. गाउँपालिकाको कार्य सञ्चालन र व्यवस्थापन गर्दा संघ, प्रदेश र अन्य स्थानीय तहहरू बीच समन्वयात्मक सम्बन्धको विकास गरिनेछ ।

९. सार्वजनिक निकायहरूले बैंकिङ कारोबार गर्दा गाउँपालिकामा स्थापित बैंकको शाखाबाट गर्ने व्यवस्थालाई थप प्रभावकारी बनाइनेछ ।

१०. कुनै पनि व्यक्ति वा समूह वा संस्थालाई जिम्मेवारी दिँदा पूर्व कार्यको समीक्षा गरेर मात्र दिइनेछ ।

११. गाउँपालिकाबाट आयोजना हुने हरेक क्रियाकलाप र खरीद प्रक्रियामा मितव्ययिता अपनाउँदै सम्पूर्ण खरिद प्रक्रियालाई विद्युतीय प्रणालीबाट खुल्ला प्रतिस्पर्धाद्वारा र भौतिक निर्माणका लागि ठेक्का विद्युतीय खरिद व्यवस्थापन प्रणालीबाट गरिनेछ ।साथै वार्षिक खरिद योजना निर्माण गरी कार्यान्वयन गरिनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

अध्यक्ष
नौगाड गाउँपालिका

१२. विकास निर्माण लगायतका सार्वजनिक सरोकार तथा महत्वका सम्पूर्ण कार्यहरूमा सुशासन, पारदर्शिता तथा जवाफदेहीता प्रवर्द्धन गर्न सबै खालका अनियमितता तथा भ्रष्टाचारजन्य क्रियाकलापहरू माथि नियमन तथा नियन्त्रण गरिनेछ ।

१३. सार्वजनिक प्रशासनलाई जनमुखी, प्रभावकारी, छिटोछरितो, स्वच्छ, सक्षम, निष्पक्ष, पेशागत अनुशासन प्रति प्रतिबद्ध, पारदर्शी, भ्रष्टाचारमुक्त तथा जनउत्तरदायी बनाइनेछ र सबै किसिमका भ्रष्टाचारप्रति शून्य सहनशीलता अपनाइनेछ ।

१४. **DIGITAL NAUGAD FRAMEWORK** को प्रभावकारी कार्यान्वयनबाट सार्वजनिक सेवालाई सरल, सहज, सुलभ र पारदर्शी बनाइनेछ । आगामी आर्थिक वर्ष देखि गाउँपालिका मातहतका सबै कार्यालयहरूमा एकीकृत कार्यालय व्यवस्थापन प्रणाली लागू गरी कागजको प्रयोग क्रमशः कम गर्दै लगिनेछ ।

१५. आर्थिक पारदर्शिता र वित्तीय अनुशासनलाई कडाईका साथ पालना गर्दै महालेखा परीक्षकको सुझाव कार्यान्वयन गरी बेरूजूलाई शून्यमा पुऱ्याइनेछ ।

१६. गाउँपालिकाबाट सञ्चालित योजना तथा कार्यक्रमहरूलाई चैत्र मसान्त भित्र सम्पन्न गर्न नीतिगत व्यवस्था मिलाइनेछ ।

१७. ग्रामीण समाजमा हुने विकृति, विसङ्गति, तथा अपराधिक गतिविधिलाई नियन्त्रण गरी शान्ति सुरक्षा र अमनचैन कायम गर्न गाउँपालिका भित्र रहेका प्रहरी चौकी र अस्थायी प्रहरी पोष्टलाई सम्बन्धित निकायहरूसँगको समन्वय र सहकार्यमा थप व्यवस्थित गरिनेछ ।

१८. जनसरोकारका हरेक विषयमा सुझाव, सल्लाह र समन्वयात्मक विधिबाट अगाडि बढ्न सर्वदलीय संयन्त्रको अवधारणालाई आत्मसाथ गरिनेछ ।

१९. हरेक प्रकारका विकास योजना सम्पन्न गरिसके पछि उपभोगको अवधिलाई बढाउन जिम्मेवार पक्षले अनिवार्य रूपमा त्यसको संरक्षण र संवर्द्धन गर्न मर्मत सम्भार कोष स्थापना गरिनेछ ।

२०. नेपालको संविधानको अनुसूची ८ मा उल्लेखित स्थानीय तहको एकल अधिकारको कार्यान्वयन गर्न आवश्यक ऐन, नियम, नीति, मापदण्ड, निर्देशिका र कार्यविधि तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ ।

२१. वडा स्तरमा राष्ट्रिय पञ्जीकरण विभागको विधि र पद्धति अनुसार घटना दर्ता सप्ताह सञ्चालन गरिनेछ ।

२२. सार्वजनिक सेवा प्रवाहलाई चुस्त र दुरूस्त गर्न गाउँपालिका र मातहतका कार्यालयहरूमा अनलाइन विद्युतीय हाजिरी प्रणाली लागू गर्दै लगिनेछ।

२३. जनप्रतिनिधि तथा अन्य कर्मचारीहरूको कार्यदक्षता बढाउन आवश्यक प्रशिक्षण तथा अभिमुखीकरण कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

अध्यक्ष
नौगाड गाउँपालिका

२४. सामाजिक सुरक्षा भत्ता परिचय पत्र प्राप्ति र नवीकरणका लागि बायोमेट्रिक प्रणाली स्थापनाका लागि आवश्यक सूचना प्रविधि खरिद तथा जडान गरी सञ्चालनमा ल्याइनेछ ।

२५. प्रथम एकीकृत आवधिक विकास योजना बमोजिम आयोजना बैङ्क र मध्यमकालीन खर्च संरचना निर्माण गरी क्षेत्रगत प्राथमिकताको आधारमा योजना कार्यान्वयन गरिनेछ ।

२६. बजेट सीमा निर्धारण गरी विनियोजनको लागि विषयगत समितिमा पठाउने व्यवस्था गरिनेछ ।

२७. गाउँपालिकाबाट हुने सम्पूर्ण भुक्तानी तथा निकासालाई विद्युतीय कोष स्थानान्तरण प्रणाली (EFT) मार्फत गर्ने व्यवस्था मिलाइनेछ ।

२८. गाउँपालिका अन्तर्गत सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने दलित बालबालिका र ९० वर्ष माथिका जेष्ठ नागरिक बाहेकका लाभग्राहीहरूलाई राष्ट्रिय परिचयपत्र अनिवार्य गराई राष्ट्रिय परिचयपत्र र सामाजिक सुरक्षा प्रणालीमा Biometric Verification गरी नयाँ दर्ता तथा नवीरकण गर्ने व्यवस्था मिलाइनेछ ।

२९. सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने ९० वर्ष वा सो भन्दा बढी उमेरका ज्येष्ठ नागरिक, रातो रङ्गको परिचयपत्र प्राप्त गरेका पूर्ण अपाङ्गता भएका नागरिकहरू (क वर्ग), अति अशक्त अपाङ्गता प्रमाणित भएका नागरिकहरू (ख वर्ग), तथा बैक सम्म उपस्थित भई सामाजिक सुरक्षा भत्ता लिन नसक्ने लाभग्राहीहरूको सहजताका लागि बैक तथा वित्तीय संस्थाहरू सँग समन्वय गरी ए.टी.एम., शाखा रहित बैक, भुक्तानी केन्द्र, भुक्तानी शिविर सञ्चालनका लागि पहल गरिनेछ ।

३०. हरेक वडाका जनप्रतिनिधि, स्थानीय तहका अन्य कर्मचारी र पदाधिकारी तथा अन्य सरोकारवालाहरूलाई सामाजिक सुरक्षा भत्ता तथा व्यक्तिगत घटना दर्ता सुदृढीकरण आयोजना सम्बन्धी अभिमुखीकरण गरिनुका साथै वडा कार्यालयमा कार्यरत पञ्जिकाधिकारी तथा अनलाइन घटना दर्ता तथा सामाजिक सुरक्षा व्यवस्थापन सूचना प्रणाली (VERSP-MIS) मा काम गर्ने कर्मचारीहरूलाई सिस्टम तथा Biometric Verification सम्बन्धी तालिम प्रदान गरिनेछ ।

३१. सामाजिक सुरक्षा भत्ता रकमको उपलब्धता, आवश्यकता, प्रयोग, लाभग्राही स्वयम्ले उपभोग गर्न पाए नपाएको अनुगमन तथा लाभग्राहीहरूसँग अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिनेछ ।

**(ग) राजस्व परिचालन तथा वित्तीय व्यवस्थापनः**

१. दिगो र भरपर्दो आयका स्रोतहरू मार्फत राजस्व सङ्कलन र त्यसको समुचित परिचालन विना स्थानीय स्वायत्तताको प्रवर्द्धन सम्भव छैन । गाउँपालिकामा राजस्वका क्षेत्र पहिचान गरी दायरा विस्तार गर्न कर तिर्नु सम्मानको विषय भएको संस्कारको वृद्धि गर्न **"कर तिर्न उत्साहित होऔं, समृद्ध गाउँपालिका निर्माणमा सहभागी बनौं"** भन्ने नारा अङ्गीकार गरिनेछ । जसका लागि अधिकतम कर दाखिला गर्ने वा कर छलि नगर्ने व्यक्तिलाई सार्वजनिक रूपमा सम्मान गर्ने नीति अवलम्बन गरिनेछ । साथै स्थानीय सरकारले लगाउँदै आएका सेवा शुल्क र दस्तुरको दरमा समय सान्दर्भिक परिमार्जन गरिनेछ।

प्रमुख प्रशासकीय अधिकृत

अध्यक्ष
नौगाड गाउँपालिका

२. स्थानीय समुदाय एवम् स्थानीय प्रशासन, सुरक्षा निकायसँगको सहकार्यमा बजार अनुगमनलाई तीव्रता दिने तथा चुहावट नियन्त्रणमा सहयोग गर्नेलाई पुरस्कृत गरिनेछ ।

३. अर्थतन्त्रमा देखा परेका चुनौतीलाई सामना गर्न गाउँपालिकाले पुँजिगत खर्चमा वृद्धि गर्दै चालू खर्च तर्फको चापलाई न्यूनिकरण गर्दै मितव्ययिता कायम गरिनेछ ।

४. मदिराजन्य व्यवसायमा लाग्दै आएको व्यावसायिक कर वृद्धि गरिनेछ । साथै मदिराजन्य पदार्थको अनधिकृत बिक्री वितरण र भन्सार छली आएका पदार्थलाई नियन्त्रणमा लिई कारबाहीको दायरामा ल्याइनेछ ।

५. गाउँपालिकाको आन्तरिक राजस्व वृद्धिका लागि करको दायरा बिस्तार एवं करका विद्यमान दरलाई समय सापेक्ष परिमार्जन गरिनेछ । राजस्व परिचालनका थप क्षेत्र पहिचान गरी आन्तरिक आयलाई थप सुदृढ बनाइनेछ ।

६. राजस्व दायरा बढाउन ढुङ्गा, गिट्टी र बालुवा उत्खननलाई व्यवस्थित गर्ने र करको दायरा भित्र ल्याउन आवश्यक प्रक्रिया थालनी गरिनेछ ।

७. राजस्व सुधार कार्य योजनाको प्रभावकारी कार्यान्वयन गरिनेछ ।

**(घ) सार्वजनिक सम्पत्ति व्यवस्थापन**

१. गाउँपालिकाको स्वामित्वमा रहेका जग्गा जमिन, भवन, सवारी साधन, फर्निचर, मेसिन औजार लगायतका सबै भौतिक सम्पत्तिलाई सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS) मा अभिलेखीकरण गरी व्यवस्थित गरिनेछ । साथै सामुदायिक विद्यालय तथा स्वास्थ्य संस्थाको स्वामित्व वा उपयोगमा रहेका भवन तथा जग्गा र गाउँपालिकाले निर्माण गरेका सार्वजनिक पूर्वाधार एवम् गाउँपालिका क्षेत्रभित्र रहेका सार्वजनिक सम्पत्ति समेत यस प्रणालीमा आबद्ध गर्दै लगिनेछ ।

२. गाउँपालिका क्षेत्रभित्र रहेका प्राकृतिक स्रोतबाट आर्जन गर्न सकिने राजस्व सम्भावनाको समेत अध्ययन गरी उपयोगमा ल्याउने र यी सम्पत्तिहरूलाई क्रमशः सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा आबद्ध गर्दै लगिनेछ ।

**(ङ) सार्वजनिक लगानी व्यवस्थापनः**

१. गाउँपालिकाबाट गरिने सार्वजनिक लगानीलाई वित्तीय अनुशासन, विनियोजन कुशलता र खर्चमा दक्षता अभिवृद्धि गरी नतिजामुखी बनाउन विद्यमान योजना प्रणाली सुधारमा विशेष जोड दिइनेछ ।

२. नतिजामुखी सार्वजनिक लगानीको सुनिश्चितताका लागि आर्थिक, सामाजिक, प्राविधिक र वातावरणीय दृष्टिले कार्यान्वयनयोग्य आयोजना पहिचान, छनौट र प्राथमिकीकरण गर्ने आयोजना बैंक पद्धतिको कार्यान्वयन मार्फत आयोजना छनौट प्रणालीलाई नियमबद्ध र तथ्यमा आधारित बनाई पुँजीगत लगानीमा विनियोजन दक्षता अभिवृद्धि गर्न र प्रतिफल सुनिश्चित गर्न जोड दिइनेछ।

३. लैङ्गिक तथा जलवायु मैत्री मध्यमकालीन खर्च संरचना मार्फत आवधिक योजना वा रणनीतिक वा गुरूयोजनालाई वार्षिक बजेटसँग आबद्ध गरी उपलब्ध स्रोत साधनलाई योजनाले निर्धारण गरेका प्राथमिकता अनुरूप परिचालन गर्ने पद्धतिलाई संस्थागत गर्दै लगिनेछ ।

४. गाउँपालिकाको उपलब्ध स्रोतलाई महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, धार्मिक अल्पसङ्ख्यक लगायत सिमान्तकृत समुदायको आर्थिक एवम् सामाजिक सशक्तीकरणमा

प्रमुख प्रशासकीय अधिकृत

अध्यक्ष
नौगाड गाउँपालिका

केन्द्रित गर्नका लागि बजेटको कम्तीमा १० प्रतिशत रकम त्यस्ता समुदायलाई प्रत्यक्ष लाभ हुने कार्यक्रमको निमित्त विनियोजन गर्ने नीति अवलम्बन गरिनेछ ।

**(च) सम्पत्ति कर प्रणालीमा सुधारः**

१. जग्गाको मूल्याङ्कन प्रणाली वस्तुनिष्ठ एवम् तथ्यमा आधारित नभएको कारण गाउँपालिका लगाउँदै आएको भूमिकर (मालपोत) राजस्व सङ्कलनमा न्यूनता आउनुका साथै करदाता मैत्री समेत हुन नसकेको हुँदा आगामी वर्षदेखि जग्गाको न्यूनतम मूल्याङ्कनलाई आधारयोग्य, विश्वसनीय र बजार मूल्यको निकटवर्ती बनाउन मूल्याङ्कनका वस्तुगत आधार र सूचकहरू पहिचान गरी सोही आधारमा जग्गाको न्यूनतम मूल्याङ्कन गर्ने विधि अवलम्बन गरिनेछ ।

२. आगामी आर्थिक वर्ष देखि साबिकमा लगाउँदै आएको घर करको सट्टामा सम्पत्ति कर लगाउने व्यवस्था मिलाइनेछ । साथै हाललाई निजी स्वामित्वका भवन तथा संरचनाहरूमा मात्र यस्तो कर लगाउने व्यवस्था मिलाइनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

अध्यक्ष
नौमाड गाउँपालिका

**गाउँसभाका सदस्यहरू,**

**अन्तमा,** गाउँपालिकालाई सीमित स्रोत साधन, भौगोलिक विकटता, समय समयमा आउने बाढी पहिरो तथा प्राकृतिक विपद्को सामना गर्दै **"समृद्ध नौगाड, सुखी नौगाडबासी"** दूरदृष्टि तर्फ लैजाने, आम जनताका समृद्धिका चाहना पूरा गर्ने, स्थानीय सरकार र जनता बीचको सुमधुर सम्बन्ध कायम गर्ने, आधुनिक प्रविधि र मौलिक पहिचानको समिश्रणबाट गाउँपालिकाका नागरिकलाई सभ्य, स्वस्थ, सफा, शिक्षित, अनुशासित, सुरक्षित र समृद्ध बनाउने हाम्रा प्रयत्नहरू अविचलित रहने छन् । जनताले विश्वास गरेर दिएको यो महत्वपूर्ण अवसरलाई सदुपयोग गर्दै गाउँपालिकालाई स्वच्छ, निष्पक्ष, न्यायपूर्ण र प्रतिबद्ध नेतृत्वको प्रत्याभूति दिलाउने छुँ । साथै गाउँपालिकाले आगामी आर्थिक वर्षका लागि अघि सारेका सबै नीति तथा कार्यक्रमहरू बजेटको अभावमा कार्यान्वयन गर्न नसकिने तीतो यथार्थ कायमै रहने कुरा जानकारी गराउँदै प्रस्तुत नीति तथा कार्यक्रमहरूलाई कार्यान्वयनमा सहयोग पुऱ्याउन संघीय सरकार, सुदूरपश्चिम प्रदेश सरकार, विकास साझेदारहरू, निजी क्षेत्र, विभिन्न दातृ निकायहरू, राजनीतिक दलहरू, शाखा प्रमुखहरू, शिक्षक कर्मचारीहरू, समाजसेवी, अग्रज, बुद्धिजीवी, नागरिक समाजका अगुवाहरू, सुरक्षाकर्मी, पत्रकार र आम नौगाडबासी आमाबुबा, दाजुभाई, दिदी बहिनीहरूमा हार्दिक अनुरोध गर्दछु, **धन्यवाद ।**

असार ६, २०८२

**(दलजीत सिंह धामी)**
**अध्यक्ष**
**नौगाड गाउँपालिका, दार्चुला**

प्रमुख प्रशासकीय अधिकृत

अध्यक्ष
नौगाड गाउँपालिका